Distr. GENERAL
E/CN.4/2006/107
16 February 2006

Original: English

मानवअधिकार आयोग
६२ औं अधिवेशन
एजेन्डा आइटम १९

(COMMISSION ON HUMAN RIGHTS
Sixty-second session
Agenda item 19)

# नेपालमा मानवअधिकार स्थितिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको प्रतिवदेन र प्राविधिक सहयोगलगायत उहाँको कार्यालयका गतिविधिहरू

(Report of the United Nations High Commissioner for Human Rights on the situation of human rights and the activities of her Office, including technical cooperation, in Nepal)

## कार्यकारी सारांश

वर्तमान प्रतिवेदन नेपालमा कार्यालय स्थापना गर्ने सम्बन्धमा श्री ५ को सरकार र उच्चायुक्तबीच अप्रिल १०, २००५ मा सम्पन्न भएको सम्झौताको सन्दर्भमा र आयोग प्रस्ताव २००५/७८ अनुसार पेश गरिएको छ । यो प्रतिवेदन नेपालको मानवअधिकार स्थिति तथा सेप्टेम्वर १, २००५ देखि २००६ जनवरीको पछिल्लो अवधिबीच भएका नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर-नेपाल)का गतिविधिहरूबारे केन्द्रित रहेको छ ।

सरकार र यसका सुरक्षाफौजले पहुँच तथा उपलब्धताको सन्दर्भमा ओएचसिएचआर-नेपाललाई सजिलोसित सहयोग उपलब्ध गराउनुका साथै सोधेका कुराहरूको जवाफ दिएका छन्, यद्धपि अनुरोध गएिका प्रश्नहरूमध्ये निकै कमको मात्र जवाफ पाइएको छ । नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले ओएचसिएचआर-नेपालका कर्मचारीहरूलाई आवतजावत तथा पहुँचको छुट दिने प्रतिबद्धता जनाएको छ तथा उच्चायोगले नेकपा (माओवादी)का नेता तथा कार्यकर्ताहरूलाई भेटी आफ्ना चासोहरू उठाएको छ । नेकपा (माओवादी)ले कैयौं व्यक्तिगत घटनाका सम्बन्धमा नेकपा (माओवादी)ले जवाफ पठाएको छ तर अधिकांशको जवाफ अझै पनि आएको छैन् ।

सन् २००५ सेप्टेम्वर सुरुदेखि सन् २००६ जनवरी सुरुसम्म ४ महिना लामो एकतर्फी युद्धविरामको अवधिमा सबै किसिमका हत्यामा निकै कमी आएको थियो । सुरक्षाफौजद्वारा भएका हिंसाहरूजस्तै नेकपा (माओवादी)बाट अपहरण, धम्की, जबरजस्ती चन्दा असुलीजस्ता अन्य हिंसाहरूले निरन्तरता पाए । सन् २००५ को उत्तरार्धतिर बेपत्ता पारिएका घटनाहरूका बारेमा निकै कमी आएको पाइयो, तर अघिल्ला वर्षहरूदेखि नै थाती रहँदै आएका बेपत्तासम्बन्धी अनुसन्धानहरू जारी रहे ।

नेकपा (माओवादी)का शङ्कास्पद सदस्यहरू वा शुभचिन्तकहरूको जथाभावी पक्राउ, थुना र पुन:गिरफ्तारी चिन्ताको स्रोत बनिरह्यो । प्रतिआतङ्ककारी कानुनमा अन्तर्राष्ट्रिय मापदण्डहरूले खोजेका प्रत्याभूतिहरूको अभावले यसलाई अझ बल पुर्‍यायो । यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष समाधीक्षकले नेपालमा यातना नियोजित ढङ्गले हुने गरेको बताउनुका साथै दण्डहीनताको विद्यमान सँस्कृतिबारे गहिरो चिन्ता जाहेर गर्नुभएको थियो । ओएचसिएचआर-नेपालले प्राप्त गरेका सबै आरोपले पनि यातना नियमित रूपमा हुने गरेको देखायो । सरकारले नेपालमा यातना नियमित रूपमा हुने गरेको कुरालाई अस्वीकार गर्छ र उपयुक्त कारबाही गरिरहेको दाबी गर्दछ । ओएचसिएचआर-नेपाल मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनहरूको अनुसन्धान तथा यसमा संलग्न भएकाहरूलाई उत्तरदायी ठहरचाउन सुरक्षाफौजका प्रयासहरूको गम्भीर अपर्याप्तता, कारबाही गरिएका केही थोरै उदाहरणहरूमा पनि असमानुपातिक रूपले हल्का सजाय तथा सामान्यतया जवाफदेहीतासम्बन्धी पर्याप्त जानकारी उपलब्ध हुन नसकेकोप्रति ओएचसिएचआर-नेपाल खेद प्रकट गर्‍यो ।

नेकपा (माओवादी)द्वारा हत्या गरिएका भनिएका सर्वसाधारणहरूको सङ्ख्या एकपक्षीय युद्धविरामको बेला घटे पनि उच्चायोगले सर्वसाधारण तथा युद्धमा घाइते भइ लडन असमर्थ सुरक्षाफौजका सदस्यहरूको हत्या, अपहरण, अन्य हिंसा तथा सरकारी अधिकारी, शिक्षक, पत्रकार र मानवअधिकार रक्षकहरूलगायत सर्वसाधरणहरूलाई आउने धम्कीबारे जानकारीहरू प्राप्त गर्‍यो । नेकपा (माओवादी) नेतृत्वले कुनै पनि निशस्त्र व्यक्तिलाई मार्ने वा सुरक्षाफौजका परिवारलाई निसाना बनाउने आफ्नो नीति नरहेको र उल्लङ्घनकर्तालाई कारबाही गरिएको वा गरिने कुरा व्यक्त गर्‍यो । तर उच्चायोगले यस्तो दण्ड दिइएको कुरा थाहा पाउन वा जाँच गर्न सकेन् ।

तीन जिल्लामा ओएचसिएचआर-नेपालले अवैधानिक सशस्त्र समूहहरूले शङ्कास्पद माओवादीहरूको हत्या गर्ने, धम्की दिने, जबरजस्ती चन्दा असुली गर्ने तथा आक्रमण गर्ने गरेको आफ्नो अनुसन्धानबाट थाहा पायो र केही घटनाहरूमा त राज्यले त्यस्ता समूहका क्रियाकलापहरू चुपचाप सहेर बसेको वा उनीहरूसँग मिलेमतो गरेको पनि पाइयो ।

सशस्त्र द्वन्द्वबाट ठूलो जनसङ्ख्या विस्थापित भएको छ तर जबरजस्ती विस्थापनको हदबारे अनिश्चितता कायमै छ । द्वन्द्वजन्य विस्थापनको सामना गर्न चाहिने क्षमताको भ्रमले संरक्षणको आवश्यकता एवं विस्थापनबाट खतरामा परेका अधिकारहरूलाई लुकाउन सक्छ । जीवन, शारीरिक अखण्डता, स्वास्थ्य र शिक्षाप्रति बालबालिकाको अधिकारको द्वन्द्वरत दुवै पक्षद्वारा बारम्बार उल्लङ्घन भयो र हत्या, कुटपिट, जथाभावी थुना, सैनिक उद्देश्यका लागि बालबालिकाको भर्ती वा अन्य प्रयोग एवं विद्यालय र स्वास्थ्य सेवा केन्द्रहरूमाथिको आक्रमणका समाचारहरू आएका थिए । ओएचसिएचआर-नेपालले सुरक्षाफौजद्वारा खानतलासी कारबाहीको क्रममा वा गाउँमा नेकपा (माओवादी)को उपस्थितिको बेला भएका यातना तथा दुर्व्यवहारलगायत महिला तथा बालिकाविरुद्ध भएका द्वन्द्वसम्बन्धी मानवअधिकार दुर्व्यवहारसम्बन्धी २० औं घटनाहरूको अनुसन्धान गऱ्यो । मानवअधिकार रक्षकहरू, खासगरी काठमाडौं उपत्यकाबाहिर काम गर्नेहरू, राज्यअधिकारी तथा नेकपा (माओवादी)बाट हुने डर-धम्की, त्रास र थुनाको खतराबाट मुक्त भएनन् ।

शान्तिपूर्ण तरिकाले भेला हुने स्वतन्त्रताको अधिकारको अभ्यासलाई रोक्ने साधनको रूपमा धेरै नगरपालिकाहरूमा प्रदर्शनमाथि पूर्ण प्रतिबन्ध लगाइयो । राजनीतिक दल तथा नागरिक समाजका सयौं प्रतिनिधिहरूलाई सेप्टेम्बर र डिसेम्बर महिनामा देशभरि भएका निषेधित क्षेत्रमा केही विद्यार्थी प्रदर्शनकारीहरूद्धारा प्रवेश गर्ने प्रयासका बाबजुद अधिकांश शान्तिपूर्ण प्रदर्शन तथा ऱ्यालीहरूमा पक्राउ गरिए । सन् २००६ को जनवरीमा सरकारी अधिकारीहरूले काठमाडौंमा प्रदर्शनमाथि व्यापक प्रतिबन्ध लागू गरेपछि सार्वजनिक विरोध चर्केर गयो र सयभन्दा बढी राजनीतिक तथा नागरिक समाजका नेताहरूलाई उनीहरूका घरबाट पक्राउ गरियो । यी प्रतिबन्धविरुद्धका चुनौतीहरू तथा गिरफ्तारी र नगरचुनाव गराइ छाड्ने सरकारको इच्छाविरुद्ध चर्कंदो विरोधले गर्दा प्रदर्शनकारीहरूद्वारा बढ्दो हिंसात्मक कार्य तथा प्रदर्शनहरूलाई तोड्नका लागि प्रहरीद्वारा अत्यधिक बलको प्रयोग हुनपुग्यो । सन् २००६ जनवरीको अन्त्यसम्म सयौं व्यक्ति थुनामै थिए ।

एफएम रेडियो स्टेसनमा समाचार प्रसारणमाथि प्रतिबन्ध लगाउने सरकारी प्रयास तथा अभिव्यक्ति स्वतन्त्रतामाथि लगाइएका अन्य बन्देजहरूलाई सञ्चार अध्यादेशले अझ कठोर बनायो । ग्रामीण जिल्लाहरूमासरकारी अधिकारीहरूबाट एकै खालका धम्कीहरू आएको पाइयो भने पत्रकारहरूलाई दुःख दिने काम भयो । गैरसरकारी संस्थाहरूका लागि सरकारद्वारा लादिएको आचारसंहिताले मानवअधिकार रक्षकहरूलगायत नेपालमा सक्रिय गैससहरूको सदस्यता, उद्देश्य र कार्यसञ्चालनमा अवरोध सिर्जना गऱ्यो ।

आर्थिक दरिद्रता, चर्को सामाजिक असमानता तथा भेदभावलाई द्वन्द्वले झन बढाएको छ जसले गर्दा स्वास्थ्य, खाना र अन्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू सबै खतरामा परेका छन् । दलित र आदिवासी जनजातिका सदस्यहरू चर्को भेदभाव तथा उत्पीडनको सिकार भइरहेका छन् । दलित समुदायका महिला सदस्यहरू विविध किसिमका भेदभावबाट पीडित छन् भने आमरूपमा महिलाहरू हालैका सर्वोच्च अदालतको कारबाहीका बाबजुद विभेदकारी कानुन र अभ्यासहरूबाट प्रभावित भइरहेका छन् । ओएचसिएचआर नेपालले बालबालिकाहरूलाई वयस्कसित तथा कानुनी प्रतिनिधित्वविना नियमित रूपमा थुनिएको पायो ।

मानवअधिकार उल्लङ्घनको अनुगमन र अनुसन्धानका अतिरिक्त ओएचसिएचआर-नेपालले सरकारी अधिकारीलगायत विभिन्न साझेदारहरूलाई परामर्श सेवा र सहयोग उपलब्ध गरायो । यसले राष्ट्रिय मानवअधिकार आयोगसँगको आफनो कामलाई जारी राख्यो र यसको क्षमता विकासका लागि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) आयोजनाको समीक्षामा सहयोग गऱ्यो । उच्चायोगले संयुक्त राष्ट्रसङ्घीय अन्तर संस्था मानवअधिकार संरक्षण कार्यकारी समूहको बैठक बोलाउनुका साथै यसको अध्यक्षता गऱ्यो ।

**विषयसूची**


**I. परिचय**

**II. सन्दर्भ**

क. राजनीतिक सन्दर्भ
ख. नेपाल र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रणाली
ग. सरकारी मानवअधिकार प्रतिबद्धता र सहयोग
घ. नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को मानवअधिकार प्रतिबद्धता र सहयोग

**III. अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको सम्मान**

**क. सशस्त्र द्वन्द्वको सन्दर्भमा मानवअधिकार र मानवीय कानुनको सम्मान**

**१. राज्यअधिकारीहरू**

(क) जानाजान वा स्वैच्छाचारी हत्या
(ख) बेपत्ता भएकाहरू
(ग) जथाभावी गिरफ्तारी र पुनःपक्राउ, थुना र निष्पक्ष सुनुवाई
(घ) यातना र क्रुर, अमानवीय वा अपमानजनक व्यवहार
(ङ) सर्वसाधारणको सुरक्षा गर्ने दायित्व
(च) जवाफदेहीता

**२. नेपाल कम्युनिस्ट पार्टी (माओवादी)**

(क) सर्वसाधारण र घाइते भइ लड्न नसक्नेहरूको हत्या
(ख) अपहरण
(ग) सर्वसाधारणप्रतिको हिंसा र धम्की
(घ) जवाहदेहीता

**३. भिजिलान्ते समूहहरू**

**४. विशेष चासोका समूहहरू**

(क) आन्तरिक रूपले विस्थापितहरू
(ख) बालबालिका
(ग) महिला
(घ) मानवअधिकार रक्षकहरू

**ख. प्रजातान्त्रिक अधिकारहरू**

१. आवतजावत गर्ने स्वतन्त्रता र शान्तिपूर्वक भेला हुने स्वतन्त्रता
२. स्वैच्छाचारी थुना र निष्पक्ष सुनुवाई
३. अभिव्यक्तिको स्वतन्त्रता
४. सङ्गठन गर्ने स्वतन्त्रता

**ग. लामो समयदेखिका मानवअधिकारसम्बन्धी मुद्दाहरू**

१. जात र जातीय विभेद
२. लैङ्िक भेदभाव
३. बालअधिकार

**IV. ओएचसिएचआरका अन्य गतिविधिहरू**

**V. निष्कर्ष**

## I. परिचय

१. सन् २००५ अप्रिल १० मा नेपाल अधिराज्यको सरकारले मानवअधिकार उच्चायुक्त (ओएचसिएचआर)सँग नेपालमा कार्यालय स्थापनासम्बन्धी एक सम्झौतामा हस्ताक्षर सम्पन्न गर्‍यो । सम्झौताले ओएचसिएचआर-नेपाललाई अन्य कुराका अतिरिक्त मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्यमा सरकारी अधिकारीहरूलाई सहयोग गर्ने, मानवअधिकारको स्थिति तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना भए नभएको अनुगमन गर्ने तथा आयोग र महासभामा प्रतिवेदन बुझाउने कार्यादेश दियो । सन् २००५ अप्रिल २० मा मानवअधिकार आयोगले सम्पन्न सम्झौताको स्वागत गर्दै प्रस्ताव २००५/७८ पारित गर्‍यो ।

२. उच्चायुक्तका प्रतिनिधि मानवअधिकार अधिकृत तथा सहायक कर्मचारीसहितको एक सुरु टोलीसहित सन् २००५ मे ७ मा नेपाल आइपुग्नु भयो र कार्यालयको कार्यादेश कार्यान्वयन गर्ने तथा सबै कर्मचारी ल्याउने तयारीको काम थाल्नुभयो ।

३. वर्तमान प्रतिवेदन आयोग प्रस्ताव २००५/७८ अनुसार पेश गरिएको छ र यसले आफ्नो ध्यान नेपालमा मानवअधिकारको स्थिति र १ सेप्टेम्वर २००५ देखि सन् २००६ जनवरीको अन्त्यसम्म ओएचसिएचआर-नेपालले सम्पन्न गरेका गतिविधिहरूमा केन्द्रित गरेको छ । योभन्दा पहिले उच्चायुक्तले ३१ अगष्ट २००५ सम्मको प्रतिवेदन (ए/६०/३५९) महासभामा १६ सेप्टेम्बर २००५ मा पेश गरिसक्नु भएको छ ।

## II. सन्दर्भ

### क. राजनीतिक सन्दर्भ

४. सन् १९९६ फेब्रुअरीमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले राज्यविरुद्ध तथाकथित “जनयुद्ध”को घोषणा गर्‍यो । पछिल्ला वर्षहरूमा शसस्त्र द्वन्द्व चर्केर गयो । सन् २००१ नोभेम्बरमा शाही नेपाली सेनालाई खटाइयो र नोभेम्बर २००२ देखि नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपिएफ)लाई प्रतिविद्रोह कारबाहीका लागि शाही नेपाली सेनाको “संयुक्त कमाण्ड” (Unified Command) अन्तर्गत राखियो । सन् २००१ र सन् २००३ मा शान्ति वार्ताका लागि गरिएका दुइवटा प्रयास असफल भए ।

५. सन् २००२ मे (वैशाख-जेठ २०६२) मा तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा संसद् विघटन गरिएपछि यसको पुनर्गठनका लागि अहिलेसम्म चुनाव भएको छैन् । सन् २००२ अक्टोबर पछि ४ जना प्रधानमन्त्रीले या त राजीनामा दिए या उनीहरूलाई श्री ५ ज्ञानेन्द्रबाट बर्खास्त गरियो । चुनाव गराउन नसकेको वा सशस्त्र विद्रोहसँग प्रभावकारी ढङ्गले लड्न नसकेको भन्ने कारण देखाउँदै श्री ५ बाट सरकारको बर्खास्तगीपछि पछिल्लो प्रधानमन्त्रीलाई १ फेब्रुअरी २००५ (माघ १९, २०६१) मा हटाइनुका साथै ३ महिने सङ्कटकालको घोषणा गरियो । धेरै मौलिक अधिकारहरूको निलम्बन गरियो र सयौं राजनीतिक नेता तथा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार तथा अन्यलाई थुनियो । सङ्कटकाललाई २९ अप्रिल २००५ मा हटाइयो र थुनिएकाहरूलाई जुलाईसम्ममा छोडियो, यद्यपि केही नागरिक स्वतन्त्रतामाथिको बन्देज कायमै राखियो वा अन्य कानुनअन्तर्गत पुनः लागू गरियो ।

६. १ फेब्रुअरी २००५ यता श्री ५ ज्ञानेन्द्रले मान्त्रिपरिषदको अध्यक्षको रूपमा आफैंले कार्यकारी अधिकार लिएपछि धारा ७२ र धारा १२७ अन्तर्गत जारी गरिएका अध्यादेश तथा आदेशहरूले कानुनको रूप लिएका छन् । संविधानअनुसार संसद्ले यस्ता अध्यादेश र आदेशहरूलाई पारित गर्नुपर्छ नभए यिनीहरूको वैधता निश्चित समयका लागि मात्र हुन्छ । १९ माघ २०६१ यता

लागू गरिएका अध्यादेश र आदेशहरूको प्रयोगको संवैधानिकतालाई लिएर सर्वोच्च अदालतमा चुनौती दिइएको छ । सन् २००६ जनवरीको अन्त्य यी मुद्दाहरूबारे अदालतले कुनै निर्णय गरेको छैन् ।

७. सेप्टेम्बर ३, २००५ मा नेकपा (माओवादी)ले ३ महिने एकपक्षीय युद्धविरामको घोषण गऱ्यो । युद्धविरामले सरकारलाई सम्वोधन नगरेको, नेकपा (माओवादी)ले नै सशस्त्र द्वन्द्वको सुरुवात गरेको र अघिल्ला युद्धविरामहरू तीव्र लडाइँको तयारी गर्नका लागि प्रयोग भएको जिकिर गर्दै सरकारले यसको जवाफ दिएन ।

८. सन् २००५ अक्टोवरको सुरुमा सरकारले फेब्रुअरी ८, २००६ (२०६२ माघ २६) मा नगरनिर्वाचन र अप्रिल २००७ (वैशाख २०६३) भित्र संसदीय निर्वाचन गर्ने घोषण गऱ्यो । राजाले आफ्नो हातमा शासन लिएको विरोध गर्ने र राजाको कार्यकारी भूमिका अस्वीकार गर्ने सात राजनीतिक दलहरूको गठबन्धनले वर्तमान सरकारद्धारा घोषित चुनाव बहिष्कार गर्ने निर्णय गर्नुका साथै देशभरि विरोध ऱ्याली र प्रदर्शनहरू गर्ने अभियानको घोषणा गऱ्यो । नेकपा (माओवादी)ले भने चुनाव बिथोल्ने घोषणा गऱ्यो । २२ नोभेम्बर २००५ मा सात दलको गठबन्धन र नेकपा (माओवादी)ले निरङ्कुश राजतन्त्रको अन्त्य र संविधान सभाको चुनावको आह्वान गर्दै १२ बुँदे साझा "समझदारीपत्र" अवलम्बन गरेको घोषण गरे । सम्झौताले नेकपा (माओवादी)लाई बहुदलीय प्रजातन्त्र, मानवअधिकार र विधिको शासनप्रति वचनवद्ध गराउँदै सशस्त्र माओवादी फौज र शाही नेपाली सेनालाई संविधान सभाको चुनावको बेला "संयुक्त राष्ट्रसङ्घ वा अन्य कुनै भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणअन्तर्गत" राखिनेछ भन्ने उल्लेख गऱ्यो । महासचिवले उक्त सम्झौतालाई स्वागत गर्नु भए तापनि सरकारी मन्त्रीहरूले यसको तीव्र आलोचना गरे । महासचिवले नेकपा (माओवादी)लाई आफ्नो एकपक्षीय युद्धविराम लम्ब्याउन प्रोत्साहन दिनुका साथै सरकारलाई पनि युद्धविराम गर्न आग्रह गर्नुभयो । डिसेम्बरको सुरुमा नेकपा (माओवादी)ले युद्धविरामको अवधि एक महिना बढायो, तर यसको प्रतिउत्तरमा सरकारले पनि युद्धविराम गर्नुपर्छ भन्ने अनुरोध अस्वीकृत भयो । जनवरी २, २००६ मा नेकपा (माओवादी)ले युद्धविराम अन्त्य भएको घोषणा गऱ्यो ।

## ख. नेपाल र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रणाली

९. नेपालले आयोगका कार्यदिष्टा (Special Procedures) हरूलाई खुला निमन्त्रणा जारी गरेको छैन्, यद्यपि कतिपयं कार्यदिष्टाहरूलाई भ्रमणका लागि दिएको निम्तोको भने प्रशंसा गर्नुपर्छ । बलात् वा अनैच्छिक रूपले बेपत्ता पारिएकाहरूसम्बन्धी कार्यकारी समूहले डिसेम्वर २००४, आन्तरिक रूपले विस्थापितहरू (IDPs) को मानवअधिकारसम्बन्धी महासचिवका प्रतिनिधिद्वारा अप्रिल २००५ र यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष समाधीक्षकले सेप्टेम्बर २००५ मा नेपालको भ्रमण गरे । डिसेम्बर २००३ मा विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार संरक्षण र प्रर्द्धनसम्बन्धी विशेष समाधीक्षक, जुन २००४ मा जातिवादका समकालीन स्वरूपहरू, जातीय भेदभाव, विदेशीप्रतिको घृणा वा सम्बन्धित असहिष्णुतासम्बन्धी विशेष समाधीक्षक, सेप्टेम्बर २००४ मा गैरन्यायिक, तत्काल वा स्वैच्छाचारी हत्यासम्बन्धी विशेष समाधीक्षक, र डिसेम्बर २००४ मा मानवअधिकार रक्षकहरूको स्थितिसम्बन्धी महासचिवका विशेष प्रतिनिधिले गरेका अनुरोधलगायत अनेकौं अनुरोध थाति रहेका छन् । आन्तरिक रूपले विस्थापितहरू (आइडिपी)सम्बन्धी प्रतिनिधि तथा यातनासम्बन्धी विशेष समाधीक्षकका प्रतिवेदनहरू आयोगको ६२ औं अधिवेशनमा पेश गरिनेछन् ।

१०. बालअधिकार समितिमा पेश गरिएको नेपालको दोस्रो आवधिक प्रतिवेदन (CRC/C/65/Add.30) को मे २००५ मा समीक्षा गरियो । आफ्नो अन्तिम निष्कर्षमा (CRC/C/15/Add.260) समितिले बालबालिका बिक्री, बाल वेश्यावृत्ति, बाल अश्लील सामग्री प्रकाशन तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताबारे बालअधिकार महासन्धिका ऐच्छिक सन्धिपत्रहरूको अनुमोदनका लागि सिफारिस गऱ्यो । नेपाल जनवरी २००६ मा दुवै लिखतको अनुमोदन गर्ने प्रक्रियामा थियो । बाल न्यायसम्बन्धी मापदण्ड तथा मान्यताहरूको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न, यसको आलोकमा आतंककारी तथा विध्वंशनात्मक गतिविधि (नियन्त्रण र

सजाय) अध्यादेश (टाडो) संशोधन वा खारेज गर्न द्वन्द्वप्रभावित बालबालिकाका लागि उपयुक्त कदमहरूको विकासका लागि सरकारले आफ्ना कानुन र नीतिहरूको समीक्षा गर्नुपर्छ भनी समितिले सिफारिस गरेको थियो । विशेषत: यसले अपहरणको अपराधीकरण, सैनिक उद्देश्यका लागि बालबालिकाको भर्ती र प्रयोग तथा बालबालिकाबारे सुरक्षाफौजको युद्ध नियमबारे सिफारिस गऱ्यो ।

११. यातनाविरुद्धको समितिले नोभेम्बर २००५ मा नेपालको प्रतिवेदन (CAT/C/35/Add.6) माथि विचारविमर्श गऱ्यो । आफ्नो अन्तिम निष्कर्ष तथा सिफारिसहरूमा समितिले निवारक नजरबन्दको अभ्यास अन्तर्राष्ट्रिय मानवअधिकारका मान्यताअनुकूल बनाइनुपर्छ र स्वतन्त्रताबाट वञ्चित व्यक्तिका बन्दीप्रत्यक्षीकरणको अधिकार तथा आफन्तलाई सूचित गर्न पाउने, आफूले रोजेको कानुन व्यवसायी र डाक्टरसँगको पहुँचको अधिकारलगायत मौलिक अधिकारहरूको प्रत्याभूति राज्यअधिकारीहरूले सुनिश्चित गर्नुपर्छ । समितिले अन्तर्राष्ट्रिय मापदण्डहरूअनुकूल कानुनी थुनुवा केन्द्रहरूमा सबै थुनुवालाई स्थानान्तरण गर्न सिफारिस गर्नुका साथै स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको केन्द्रीय पञ्जिका खडा गर्नेलगायत सबै गिरफ्तारी तथा थुनाको तथ्याङ्क राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमनकर्ताहरूलाई उपलब्ध गराउन व्यवस्थित अभिलेखको आवश्यक्तामाथि जोड दियो । बन्दीप्रत्यक्षीकरणलगायत अदालतका सबै आदेशको सुरक्षाफौजले पालना गर्न उपायहरूको अवलम्बन गर्न तथा कानुन कार्यान्वयन गर्ने अधिकारीद्वारा भएका दुर्व्यवहार तथा यातनाका घटनाहरूको अनुसन्धान गर्न स्वतन्त्र निकायको अनुसन्धान गर्न यसले सिफारिस गऱ्यो ।

१२. सन् १९९७ देखि थाती रहेका मानवअधिकार समिति, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी समिति र सबै किसिमका जातीय भेदभावहरूको उन्मूलनसम्बन्धी समितिमा पेश गर्ने नेपालका प्रतिवेदनहरू तयारीका क्रममा छन् ।

## ग. सरकारी मानवअधिकार प्रतिबद्धता र सहयोग

१३. सरकारले ओएचसिएचआर-नेपालका प्रतिनिधि तथा अधिकृतहरूलाई भेटका लागि नियमित अवसरहरू उपलब्ध गराएको छ र सुरक्षाफौजका सदस्यहरूले काठमाडौं तथा बाहिरी क्षेत्रहरूमा छोटो समयमा पनि आफूलाई उपलब्ध गराएका छन् । अधिकारीहरूले ओएचसिएचआर-नेपालका अनुगमनकर्ताहरूलाई पहुँच पुऱ्याइदिने सम्बन्धमा अधिकारीहरूबाट राम्रो सहयोग प्राप्त भइरहेको छ ।

१४. शाही नेपाली सेना र नेपाल प्रहरीका मानवअधिकार सेलसँग ओएचसिएचआर-नेपालले नियमित सम्पर्क कायम राखेको छ । गिरफ्तार व्यक्तिहरूको स्थितिबारे शीघ्र जानकारीका लागि अनुरोध गर्दै सुरक्षाफौजसँग बारम्बार पत्राचार गरियो । धेरैजसो अवस्थामा सुरक्षाफौजले गिरफ्तारीको पुष्टि गर्दै तथा यातना र बेपत्ता पारिने हो कि भन्ने सम्बन्धमा आश्वासन दिँदै जवाफ पठायो । हिरासतमा भएका मृत्यु वा आरोपित गैरकानुनी हत्यासम्बन्धी बहुसङ्ख्यक घटनाका बारेमा भने मागेको भन्दा निकै कममात्र जानकारी पाइयो ।

१५. परराष्ट्र मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय समन्वय समिति र मुख्य सचिव तथा महान्यायाधिवक्तो अध्यक्षतामा गठित दुईवटा उपसमिति मिलाएर नयाँ मानवअधिकार समन्वय संरचना सरकारले अगष्टमा स्थापना गऱ्यो । नेपालस्थित उच्चायोगले मुख्य सचिव तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा मानवअधिकार समन्वयको जिम्मा लिएका सचिवसँग भेटघाट गऱ्यो ।

## घ. नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को मानवअधिकार प्रतिबद्धता र सहयोग

१६. नेपालमा ओएचसिएचआरको स्थापनालाई नेकपा (माओवादी)ले सार्वजनिक रूपमा र कार्यालय प्रतिनिधिसँगको पत्राचारमा स्वागत गरेको थियो । यसले ओएचसिएचआर-नेपालका कर्मचारीलाई स्वतन्त्रपूर्वक यात्रा गर्न, घटनाहरूको अनुसन्धान गर्न र पार्टी सदस्यहरू तथा अन्य व्यक्तिहरूसँग भेटघाट गर्न दिने प्रतिबद्धता व्यक्त गर्‍यो । सम्झौताको धारा ५ (१) (ख) अनुसार नेपालस्थित उच्चायेगले नेकपा (माओवादी)का नेता तथा कार्यकर्ताहरूसँग आफ्नो चासो जाहेर गर्‍यो । नेकपा (माओवादी)ले जवाफ पठाउनुका साथै अनेकौं व्यक्तिगत घटनाका सम्बन्धमा कारबाही गरेको छ तर अधिकांशको जवाफ अझै पाउन बाँकी नै छ ।

## III. अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको सम्मान

### क. सशस्त्र द्वन्द्वको सन्दर्भमा मानवअधिकार र मानवीय कानुनको सम्मान

१७. नेपालले विद्रोहको क्रममा नेकपा (माओवादी)द्वारा र राज्यले त्यसको जवाफी कारबाही दिने क्रममा सुरक्षाफौजद्वारा भएका अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको घोर उल्लङ्घन भएको अनुभव गरेको छ । केही हत्या र अन्य किसिमका हिंसाका बाबजुद एकतर्फी युद्धविरामको बेला राष्ट्रिय मानवअधिकार आयोग र गैरसरकारी संस्थाहरूले त्योभन्दा अघिल्लो अवधिमा भएका ६ भागको १ भागभन्दा पनि कम हत्या भएको प्रतिवेदन गरे । सन् २००५ मा बेपत्ता पारिएका भनिएकाहरूको सङ्ख्यामा निकै  कमी आयो ।

१८. एकपक्षीय युद्धविरामको अन्त्यपछि उच्चायुक्तले ५ जनवरी २००६ मा द्वन्द्वरत दुवै पक्षलाई द्वन्द्वका अघिल्ला चरणहरूमा झैं अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारको घोर उल्लङ्घन नदोहोर्‍याउन सार्वजनिक अपिल गर्नुभयो । उहाँले तत्कालीन पीडकहरू र यस्ता कार्य गर्ने फौजको कमाण्डमा रहेकाहरूले अदालतसामु व्यक्तिगत आपराधिक दायित्वको सामना गर्नु पर्ने हुनसक्छ भन्ने चेतावनी दिनुभयो ।

### १. राज्यअधिकारीहरू

### (क) जानाजान र स्वैच्छाचारी हत्या

१९. शाही नेपाली सेनाद्वारा भएका हत्याका नियमित समाचारहरू आइरहेका छन् जसलाई यसले नेकपा (माओवादी)का सदस्यहरूको उक्साहटस्वरूप मुठभेडमा भएका मृत्युहरू भन्दछ । नेकपा (माओवादी)ले आफ्नो एकपक्षीय युद्धविरामका बेला शाही सेनाले आफ्ना निहत्था नेता तथा कार्यकर्ताहरूमाथि आक्रमण र हत्या गरेको आरोप लगायो । अधिकांश व्यक्तिगत हत्याका परिस्थितिहरू ओएचसिएचआर-नेपालले ठम्याउन सकेन तर शाही सेनाको हताहतीमा कमी आएको कुरा उल्लेख गर्‍यो, जुन अवधिमा सशस्त्र माओवादीले सेनाको नियमित गस्तीमाथि आक्रमण गर्ने गरेको आरोप शाही नेपाली सेनाले लगाएको छ । नेपालस्थित उच्चायोगले गरेका अनुसन्धानहरूमध्ये एउटा हो १५ अक्टोबर २००५ मा मोरङ जिल्लाको बेलवारीमा भएको चार जनाको हत्या, जसमा साधा पोशाकमा आएका सुरक्षाकर्मीहरूद्वारा सैनिक कारबाही गरिएको पाइयो । उनीहरूले एकजना शङ्कास्पद माओवादीको घर देखाइमाग्न दुई सर्वसाधारणलाई बाध्य पार्दै आफू नेकपा (माओवादी)का घाइते सदस्यहरू भएको बहाना गरेका थिए । ओएचसिएचआर मारिएकामध्ये कम्तीमा पनि दुईजनालाई घाइते अवस्थामा जानाजान निसाना दागिएको र शाही नेपाली सेनाले उनीहरूलाई हिरासतमा लिने प्रयत्न नगरेको निष्कर्षमा पुग्यो । शाही सेनाले आफू आक्रमणमा परेपछि आत्मरक्षार्थ कारबाही गर्न र बारम्बारको चेतावनीपश्चात पनि एकजनाले भाग्ने कोसिस गरेकाले थप कारबाही गर्न बाध्य हुनु परेको दाबी गर्‍यो ।

२०. ओएचसिएचआर-नेपालले सुरक्षाफौजले हत्या गरेका भनिएका घटनाबारे आन्तरिक अनुसन्धानको जानकारीका लागि अनुरोध गऱ्यो । यसमा शाही नेपाली सेनाद्वारा हत्या गरिएकाहरूमा मे २००५ मा धादिङ्गमा हत्या गरिएका कृष्ण सिंखडा, जुन २००५ मा झापामा हत्या गरिएका भीमप्रसाद पौडेल र जुलाई २००५ मा झापामा हत्या गरिएकी श्रीमती रमा अधिकारी, र सशस्त्र प्रहरी बलद्वारा हत्या गरिएकामा अगष्ट २००५ मा विराटनगर मोरङ्गमा हत्या गरिएका मनोज बस्नेत पर्दछन् । यसले डिसेम्बर २००४, मे २००५ र जुलाई २००५ मा आत्महत्या गरेका भनिएका तीनवटा घटनाहरूको बारेमा पनि जानकारी माग गऱ्यो । कृष्ण सिंखडाको सम्बन्धमा शाही नेपाली सेनाले उनलाई बन्दी बनाएको भोलिपल्ट भाग्न खोज्दा मारिएको भनी जवाफ दियो । उनलाई गोली हान्दा उनी सैनिकहरूतर्फ फर्केको कुरा घाउहरूले सङ्केत गरे तापनि कुनै अभियोग लगाइएन वा अनुशासनात्मक कारबाही गरिएन । भीमप्रसाद पौडेलको सम्बन्धमा अनुसन्धान अदालतले दुईजना प्युठ (Lance Corporal) ले घर छेउको सुरक्षा घेरा तोडी भाग्न खोज्दा उनलाई पक्रनुको साटो अत्यधिक बल प्रयोग गरी गोली हानेको पत्ता लगाएपछि सैनिक अदालती कारबाही चालिएको थियो । श्रीमती रमा अधिकारीको सवालमा उनलाई पक्राउ गर्नुको साटो सैनिक अधिकृतहरूले अत्यधिक बल प्रयोग गरेको कुरा जाँचबुझ अदालतले पत्ता लगायो र एक उपसेनानी (Lieutenant) लाई तीन महिना कैद सजाय, एक वर्षका लागि बढुवा रोक्का र पीडितलाई क्षतिपूर्ति दिने निर्णय गऱ्यो । मनोज बस्नेतको सम्बन्धमा सन् २००६ जनवरीको अन्त्यसम्म पनि अनुसन्धान भइरहेको छ भनियो । ओएचसिएचआर आरोपित आत्महत्याका सम्बन्धमा थप जानकारीको पर्खाइमा थियो ।

२१. डिसेम्बर १४, २००५ मा भक्तपुर जिल्लाको नगरकोटस्थित श्रीकालीदेवी मन्दिरमा ड्युटीमा नरहेका शाही नेपाली सेनाका सैनिक जवानले चलाएको गोलीबाट १२ जनाको हत्या भएको र अरु १९ जना घाइते भएकोमा मानिसले आक्रोस व्यक्त गरे । सरकारले न्यायिक अनुसन्धान आयोग गठन गऱ्यो जसले सैनिक जवान बाशुदेव थापा नै हत्याका लागि पूर्ण जिम्मेवार रहेको र उनले पछि आत्महत्या गरेको निष्कर्ष निकाल्यो । तर गोलीकाण्डका बेला वा अगाडि अरु सिपाहीको उपस्थितिबारे आयोग निष्कर्षमा पुगेन । शानेसेको आन्तरिक अनुशासनलगायत सुरक्षा प्रबन्ध अपर्याप्त भएको तथा गाउँले र सैनिक कर्मचारीहरूबीच लामो समयदेखि चलिरहेको द्वन्द्वमा ध्यान पुऱ्याउन नसकेको उल्लेख गर्दै भविष्यमा यस्ता घटनाहरू हुन नदिन शानेसेलाई कदम चाल्न आयोगले सिफारिस गऱ्यो । ओएचसिएचआरले अपराध अनुसन्धान विज्ञका लागि अनुरोध गर्नुभन्दा अगाडि नै यसले आफ्नो अनुसन्धान सिध्यायो ।

## (ख) बेपत्ता भएकाहरू

२२. सन् २००५ मेमा आफ्नो कार्यालय खोलेदेखि ओएचसिएचआर-नेपालले सबभन्दा ठूलो सङ्ख्यामा आएका उजुरीहरूमा नेकपा (माओवादी)का सदस्य वा शुभचिन्तक भएको आशङ्कामा पक्राउ गरिएका करिब ३०० जनालाई बेपत्ता पारिएका उजुरीहरू हुन् । यीमध्ये अधिकांश अघिल्ला वर्षहरू, खासगरी सन् २००२ र सन् २००३, बाट थिए र धेरैजसो बलात् वा अनैच्छिक रूपले बेपत्ता पारिएकासम्बन्धी कार्यकारी समूहले सरकारलाई पेश गरिसकेको छ । यीमध्ये धेरैजसो घटनामा पश्चिम नेपाल खासगरीँ बर्दिया जिल्लाका अल्पसङ्ख्यक थारू समुदायका सदस्यहरू पर्दछन् । काठमाडौंबाट आएका धेरैजसौ घटनामा विद्यार्थीहरू थिए । प्रायः सबैमा बेपत्ता पारिएका व्यक्तिहरूलाई सैनिक ब्यारेकमा राखेको थाहा भयो जसलाई पूर्वथुनुवाहरूले पुष्टि गरे ।

२३. ओएचसिएचआर-नेपाल राज्यअधिकारीबाटसहित ३५ जनाको स्थिति पत्ता लगाउन सफल भयो (३१ जना हिरासतमा र ४ जनालाई छोडी सकेको पुष्टि) । सन् २००५ मा पक्राउपछि बेपत्ता पारेको भनिएका २० जनाको स्थिति जनवरीको अन्त्यसम्म अज्ञात रह्यो ।

२४. सन् २००५ को मध्यमा शाही नेपाली सेनाले बाहिरी क्षेत्रमा पठाएका अनुसन्धान टोलीहरूले आफूसमक्ष पेश भएका लगभग दुई-तिहाई मुद्दाहरूलाई प्रष्ट्याएको छ र जनवरीमा थप तीन टोलीहरू काठमाडौं र बाँकी क्षेत्रका लागि तोकिएको कुरा शाही सेनाले ओएचसिएचआर-नेपाललाई बतायो । यसले पूर्ण विवरण उपलब्ध गराउने वचन दियो । गृहमन्त्रालयको बेपत्ता पारिएकासम्बन्धी समितिको अधिकारक्षेत्र (Terms of Reference) को समीक्षा गरिरहेको कुरा मन्त्रालयले जानकारी गरायो ।

२५. बेपत्तासम्बन्धी ओएचसिएचआर-नेपालले अनुसन्धान गरिरहेका मुद्दाहरूमा काठमाडौंको महाराजगञ्जस्थित भैरवनाथ सैनिक ब्यारेकमा सन् २००३ को अन्त्यतिर थुनामा राखिएका भनी थाहा भएका व्यक्तिहरू पर्दछन् । यातना र केहीको गैरन्यायिक हत्या गरिएको भन्ने आरोपबारे अगष्ट २००५ मा पठाएको पत्रको सेनाले जवाफ दिएन तर जनवरी २००६ मा आफूले यी आरोपलाई प्राथमिकता दिई अनुसन्धान गर्ने र आएको जानकारी बाँडने कुरा बतायो । ओएचसिएचआर-नेपालले आफ्नै अनुसन्धान जारी राखेको छ ।

## (ग) जथाभावी गिरफ्तारी र पुनःपक्राउ, थुना र निष्पक्ष सुनुवाई

२६. नेकपा (माओवादी)का शङ्कास्पद सदस्य वा शुभचिन्तकहरूको जथाभावी पक्राउ र थुना उजुरीको मुख्य स्रोत बनिरह्यो । ओएचसिएचआर-नेपाल टाडोमा अन्तर्राष्ट्रिय मापदण्डहरूले खोजेका सुरक्षणहरू नभएकोमा चिन्तित रह्यो, जसले अनुसन्धानका लागि निवारक नजरबन्दमा एक वर्षसम्म र प्रहरी हिरासतमा ६० दिनसम्म (हेर्नुहोस् A/60/359, para. 166) राख्न सक्ने व्यवस्था गरेको छ । यही अध्यादेशमा भएका कुराहरू पनि व्यवहारमा उतार्न निरन्तर असफल भएको पनि उच्चायोगले उल्लेख गर्‍यो ।

२७. गृहमन्त्रालयले हाल टाडोअन्तर्गत थुनिएकाहरूको सङ्ख्या वा थुनुवा केन्द्रहरूको जानकारी ओएचसिएचआर-नेपाललाई गराउन सकेन । सन् २००५ डिसेम्बर अन्त्यमा सरकारले “सकेसम्म चाँडो” प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सबै थुनुवाको केन्द्रीय मानवअधिकार पञ्जिका शाखा स्थापना गर्ने निर्णय गर्‍यो ।

२८. टाडोअन्तर्गतका अधिकांश थुनुवाहरू पहिलोपटक पक्राउ परेपछि सैनिक ब्यारेकहरूमा राखिए र केहीलाई त्यसपछि लामो अवधिका लागि राखियो । ओएचसिएचआर-नेपालले सैनिक ब्यारेकहरूको भ्रमण गर्न थालेदेखि लामो अवधिका थुनुवाहरू र हालै पक्राउ गरिएकाहरूलाई गैरसैनिक थुनुवा केन्द्रहरूमा स्थानान्तरण गरिएको हुनाले सैनिक हिरासतमा थुनुवाहरूको सङ्ख्या घटेको छ । शानेसेले सैनिक हिरासतमा राखिएकाहरूको केन्द्रीय पञ्जिका खडा गर्नुका तथा मे २००५ र जनवरी २००६ बीच थुनिएकाहरूको ६ वटा सूची उपलब्ध गरायो । जनवरी २७, २००६ मा प्राप्त सूचीअनुसार दुई महिलासहित ५३ जनालाई देशभरिका २४ ब्यारेकमा राखिएको थियो जसमध्ये ११ जना ६ महिनाभन्दा बढी समयदेखि थिए । शानेसेले थुनुवाहरूको जिम्मा लिन नचाहेको तर सरकारले ५ विकास क्षेत्रमा अति सुरक्षित ५ वटा थुनुवा केन्द्रको तयारी गरुन्जेलसम्म सो गर्न बाध्य भएको कुरा ओएचसिएचआर-नेपाललाई बतायो । जनवरी २००६ सम्ममा टाडोअन्तर्गतका थुनुवाहरू राख्नका लागि ५ वटा केन्द्रको अधिकारीहरूले पहिचान गरेको र पूर्वी क्षेत्रमा एउटा नयाँ गैरसैनिक थुनुवा केन्द्रको निर्माण कार्य सुरु भए पनि टाडोअन्तर्गतका सयौं थुनुवाहरूलाई जिल्ला कारागारहरू र काठमाडौं नजिकै सुन्दरीजल थुनुवा केन्द्रमा अत्यन्त कोचाकोचको अवस्थामा निरन्तर राख्ने काम भयो ।

२९. थुनिएकाहरूलाई प्रायः सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले पक्राउ गर्नु पर्ने कारणबारे जानकारी नदिइ पक्रने गरेको र उनीहरूका परिवार वा वकिललाई खबर नगरि थुनामा राखेको पाइयो । बन्दीप्रत्यक्षीकरणको रिट निवेदन परेका मुद्दाहरूको विश्लेषणले थुनामा लिएको कुरालाई बारम्बार अस्वीकार गरेको (जसले गर्दा बेपत्तासम्बन्धी मुद्दाहरू बढ्न गए), सरकारी अधिकारी वा सुरक्षाफौजले अदालतलाई भ्रमात्मक वा झुठो जानकारी दिएको र अदालतले छाडने आदेश दिएपछि पुनः पक्राउ

गर्ने गरेको कुरालाई देखाउँछ । धेरै थुनुवालाई पक्राउ गरेको मितिभन्दा धेरैपछिको टाडो आदेशमा सही गरी वा विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले उही व्यक्तिलाई पालैपालो थुना आदेश जारी गरेर अधिकतम अवधि १ वर्षभन्दा बढी समयसम्म थुनामा राखेको पाइयो ।

३०. गृहमन्त्रालयले पुनः गिरफ्तारी नगर्नका लागि २००५ जुन २७ (असार १३, २०६२) मा जारी गरेको निर्देशनका बाबजुद अदालतले छोड्ने आदेश दिइसकेपछि तत्कालै पुनः पक्राउ गर्ने लामो परम्पराले निरन्तरता पायो । सन् २००५ मेदेखि सन् २००६ जनवरीको पछिल्लो अवधिबीच ओएचसिएचआर-नेपालमा ७५ भन्दा बढी यस्ता घटनाहरू प्रतिवेदित भए जसमध्ये ६७ वटा जुन २७ भन्दा पछिका थिए । यीमध्ये केही मुद्दाहरूमा अधिकारीहरूले सुरुमा थुनामा राख्नुपर्ने आधारहरूभन्दा बेग्लै नयाँ मुद्दाका आधारमा पुनः पक्राउ गरेको अधिकारीहरूले बताए, तर ओएचसिएचआर-नेपालले अदालतले छाड्ने आदेश दिइसकेपछि मात्र आरोपहरू लगाइने गरेको र थुनामा राख्नु पर्ने वैकल्पिक आधारहरूबारे अदालतसमक्ष उल्लेख नगरेको टिप्पणी गऱ्यो ।

३१. टाडोले मानिसलाई “आतङ्ककारी तथा विध्वंशात्मक गतिविधिहरू”मा लागेबापत आरोपित गरी मुद्दा चलाउने व्यवस्था गरेको भए पनि बहुसङ्ख्यक टाडोअन्तर्गतका थुनुवाहरूलाई आरोप वा पुर्पक्षविना थुनिएको छ । कानुनी सीमा नाघेर भएका थुना र अदालती आदेशपछि भएका पुनःगिरफ्तारीका घटनाहरूको आलोचना भएपछि टाडो मुद्दाहरूमा अनुसन्धान सुरु गर्न सरकारका सबै सम्बन्धित निकायहरूलाई संलग्न गराई प्रहरी प्रधान कार्यालयमा अपराध अनुसन्धान विभागको तत्वावधानमा एउटा समिति गठन गरियो । सन् २००५ को उत्तरार्धमा अनेकौं माओवादी नेता तथा कार्यकर्ताहरूविरुद्ध आरोपहरू ल्याइए र पुर्पक्ष कारबाही सुरु भए ।

३२. सन् २००५ अक्टोबरमा टाडोलाई पुनः लागू गरेपछि निष्पक्ष सुनुवाइको अधिकारमाथि सीमाहरू लाद्दै नयाँ व्यवस्थाहरू लागू गरिए । प्रतिरक्षा वकिल, अभियोक्ता, आरोपित व्यक्ति, अदालतले अनुमति दिएका प्रहरी कर्मचारी र अदालतका कर्मचारीहरूको उपस्थितिमा बन्दसत्रमा मुद्दाहरूको सुनुवाइ हुने भएको छ । अभियोक्ता र आरोपित व्यक्तिलाईमात्र अदालती कागजातहरूको पहुँच उपलब्ध गराइन्छ, जुन प्रतिरक्षा वकिललाई उपलब्ध गराइँदैन् । हातहतियार, गोलाबारुद, विस्फोटक पदार्थ वा विषालु पदार्थ वा “आतङ्ककारी वा विध्वंशात्मक कार्यहरूसँग सम्बन्धित कुनै कागजात, वस्तु वा चीज” बोकेको प्रमाणको भार आरोपित व्यक्तिमा सरेको छ जसले यी आपराधिक उद्देश्यका लागि होइनन् भनी प्रमाणित गर्नुपर्दछ । ओएचसिएचआर नेपालले यी नयाँ प्रावधानहरू आरोपित व्यक्तिको निष्पक्ष र सार्वजनिक सुनुवाई, प्रतिरक्षा तयारीका लागि पर्याप्त समय र सुविधा र दोषी साबित नहुइञ्जेल निर्दोष मानिनु पर्ने मौलिक अधिकारजस्ता अधिकारहरूको उल्लङ्घन हुन् भनी चिन्ता जाहेर गऱ्यो ।

## (घ) यातना र क्रुर, अमानवीय वा अपमानजनक व्यवहार

३३. यातनासम्बन्धी विशेष समाधीक्षकले सेप्टेम्बर २००५ मा नेपालको भ्रमण गर्नुभयो । सशस्त्र प्रहरी बल, शाही नेपाली सेना र प्रहरीले नेपालमा योजनाबद्ध किसिमले यातना दिइन्छ भन्ने उहाँको निष्कर्ष थियो । कानुनी सुरक्षणहरू नियमित ढङ्गले बेवास्ता गरिएकोमा जोड दिँदै उहाँले यातनाका लागि दण्डहीनताको विद्यमान सँस्कृति- विशेषत पीडकहरूविरुद्ध फौजदारी सजायको विकल्पको रूपमा पीडितका लागि क्षतिपूर्तिमा दिइएको जोड - माथि गहिरो चिन्ता व्यक्त गर्नुभयो ।

३४. तीन किसिमका सुरक्षाफौजद्धारा व्यक्तिहरूलाई यातना दिइएको र दुर्व्यवहार गरिएको सम्बन्धमा असङ्ख्य आरोपहरू ओएचसिएचआर-नेपालले प्राप्त गरेको छ । यी उजुरीअनुसार सैनिक ब्यारेकहरू र प्रहरी हिरासतमा शङ्कास्पद माओवादीहरू एवं साधारण अपराधमा आरोपितहरूको केरकारका बेला सूचना प्राप्त गर्न वा साबिति बयान लिन वा थुनुवाहरूलाई डरत्रास देखाउन यातना नियमित रूपमा दिइन्छ । भनिएअनुसार यातना दिने तरिकाहरूमा दोहोऱ्याई तेहऱ्याई लात्तले हान्ने र पिट्ने,

खुट्टाको पैतालामा लाठी र लौरोले हिर्काउने, पानीमुनी डुबाएर राख्ने, बिजुलीको करेन्ट लगाउने तथा यौन आक्रमण गर्ने र जबरजस्ती करणी पर्दछन् । यसअतिरिक्त लामो समयसम्म मुखुण्डो (Hooding) लगाएर राख्ने वा आँखामा पट्टी लगाउने, महिनौंसम्म पछाडि साङ्लीमा हात बाँधेर राख्ने र खासगरी शाही नेपाली सेनाले नक्कली फाँसी दिएको देखाउने चलन व्यापक रहेको छ ।

३५. थुनुवा केन्द्र भ्रमणका क्रममा खासगरी केही सैनिक ब्यारेक र प्रहरी थानाहरूमा थुना अवस्था अमानवीय र अपमानजनक भएको ओएचसिएचआर नेपालले अवलोकन गरेको छ । उच्चायोगले काठमाडौँको हनुमानढोका प्रहरी थानामा सुत्नका लागि पनि ठाउँ नपुग्ने एक मिटर चौडाइ र दुई मिटर लम्बाइ भएका कोठाहरूमा १० जनासम्म बन्दीहरू राखेको पायो । गोरखा सैनिक क्याम्पमा ओढ्ने र ओछ्याउनेविना महिनौंसम्म माटाको भुँइ भएको छिंडीमा कैदीहरूलाई थुनेर राखिएको थियो र तिनलाई खाना पर्याप्त थिएन् । सुन्दरीजलको थुनुवा केन्द्रमा २० जना सामान्य अपराधमा आरोपितसहित ७० जनालाई सुरक्षाको कारण देखाई थुनेर राखिएको थियो र उनीहरूलाई ताजा हावा लिने पनि सुविधा थिएन् । कारागार प्रशासकले पुऱ्याएको अवरोधको परिणामस्वरूप औषधि उपचारमा ढिलाई हुन गएको कारणले स्वास्थ्य स्थिति बिग्रन गइ सन् २००५ अक्टोवरमा कास्की कारागारभित्र मर्ने दुई थुनुवालगायत हिरासतमा भएका केही मृत्युघटनाहरूको बारेमा ओएचसिएचआर नेपालमा उजुरी परेको थियो ।

३६. सरकारले नेपालमा यातना नियोजित भएको कुरा अस्वीकार गर्दछ । दण्डहीनतालाई अनुमति दिने राज्यको नीति नभएको र यातनामा संलग्न अनेकौं सुरक्षा अधिकारीहरूलाई कारबाही गरिएको यसले दाबी गर्दछ । गृहमन्त्रालयले विशेष समाधीक्षकको भ्रमणपछि प्रहरी र सशस्त्र प्रहरी बल ७ बुँदे निर्देशन जारी गर्दै यसको पालना भए नभएको नजिकबाट अनुगमन गरिने बतायो । सन् २००६ जनवरीमा मन्त्रिपरिषद्ले तयार गरेको मस्यौदा कानुनबारे परामर्श गर्ने गरी यातनालाई आपराधिक कसुर बनाउने निर्णय गऱ्यो ।

३७. यातना क्षतिपूर्ति ऐन १९९६ को प्रभावकारिताबारे चिन्ताहरू उठे । यातनापीडितहरूलाई प्रतिनिधित्व गर्ने वकिलहरूका अनुसार यस ऐनअन्तर्गतका लगभग २०० मुद्दा अदालतमा विचाराधीन रहेका छन् र ३ वटा मुद्दामा मात्र क्षतिपूर्ति तिरिएको छ । २५ वटा मुद्दामामात्र पीडितको पक्षमा निर्णय गरिएको र यीमध्ये धेरै पुनरावेदन अदालतमा विचाराधीन रहेको कुरा सरकार बताउँछ ।

### (ङ) सर्वसाधारणको सुरक्षा गर्ने दायित्व

३८. गैरसैनिक व्यक्तिहरू (Civilians) र लडाकुहरू (Combatants) बीचको भेद छुट्याउन द्वन्द्वरत पक्षहरूका लागि बाध्यकारी अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गत विभेद र समानुपातिकताको सिद्धान्तको सम्मान गर्न र सैनिक निसानाहरूमाथि आक्रमण गर्दा सर्वसाधारणहरूको संरक्षण गर्न अपनाउनु पर्ने सबै आवश्यक कदमहरू अवलम्बन गर्न असमर्थ भएकोमा उच्चायोग चिन्तित रह्यो । २४ सेप्टेम्वर २००५ मा पाल्पाको बहादुरपुरमा शाही नेपाली सेनाको कारबाहीसम्बन्धी उच्चायोगले गरेको अनुसन्धानका क्रममा फेला पारेका प्रत्यक्षदर्शीका एकैखाले बयानअनुसार ३ शानेसे इकाइले बहादुरपुर गाउँ छिरेपछि गोली हान्न थालेका थिए जहाँ नेकपा (माओवादी)का केही सदस्यलगायत ५ जना बालबालिका केही प्रौढ व्यक्तिकासाथ गाउँको मध्य भागमा बसेका थिए । गोलीबाट दुई बालबालिका घाइते भए भने तेस्रो गाउँले आफ्नो घरबाट गाउँको मध्यभागतिर हिंडदै गर्दा मर्न पुगे । शानेसेले ओएचसिएचआर-नेपाललाई जाँचबुझ अदालत गठन गरिएको जानकारी दिएको थियो र जनवरीको अन्त्यसम्म अनुसन्धान जारी थियो ।

३९. आपसी युद्ध पुनः सुरु भएपछि शानेसेले हेलिकप्टरबाट हवाई गोलाबारी गर्दा अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार गैरसैनिक वस्तुहरू र सैनिक उद्देश्यहरूबीच फरक छुट्याउन नसकेकोमा चिन्ता व्यक्त गरियो । २१ जनवरी २००६ मा मकवानपुरको फापरबारीमा नेकपा (माओवादी)सँग लडाइँ भएको ठाउँभन्दा निकै टाढा शानेसेले हेलिकप्टरबाट बम खसाल्दा एक चार-वर्षीय बालक मारिए ।

## (च) जवाहदेहीता

४०. ओएचसिएचरआर-नेपालले मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनहरूको अनुसन्धान गर्न तथा यसमा संलग्न आफ्ना सदस्यहरूलाई जवाफदेही बनाउन सुरक्षाफौजद्वारा भएका प्रयासहरूको मूल्याङ्कनका लागि जानकारी सङ्कलन कार्य जारी राख्यो । पहिले जारी गरेका घटनाहरूको सूची अद्यावधिक बनाउन होस् वा उच्चायोगले विशेष चासो राखेका मुद्दाहरूबारे सङ्क्षेपमा भन्दा अलि बढी जानकारी माग्दा होस् एकदमै थोरैमात्र जानकारी उपलब्ध गराइयो । ओएचसिएचआर-नेपालले सम्झौतापत्रको धारा १४ (घ) को उल्लेख गऱ्यो जसमा कार्यालयका क्रियाकलापहरू सही ढङ्गले सञ्चालन गर्न आवश्यक पर्न सक्ने कागजात तथा सामग्रीमा पहुँचको विशेषाधिकार उल्लेख छ । यसले "सेनाले लिखित फैसलासहित गत दुई वर्षमा भएका सबै सैनिक अदालती कारबाहीसम्बन्धी पूर्ण विवरण सार्वजनिक गर्न (E/CN.4/2005/65/Add.1, para.49)" बलात् वा अनैच्छिक रूपले बेपत्ता पारिएकासम्बन्धी कार्यकारी समूहले गरेको सिफारिसको पनि उल्लेख गऱ्यो । सेनाले यस्ता विवरणहरू "कार्यसञ्चालनसम्बन्धी गोपनीयता"को कारणले गर्दा सार्वजनिक गर्न नमिल्ने र सङ्क्षिप्त जानकारीमात्र उपलब्ध गराउने कुरा बतायो । यस्तो जानकारीमा अहिलेसम्म दोषी ठहरचाइएका व्यक्तिका नामहरू वा फैसला वा आरोपहरूको पूर्ण पाठ संलग्न छैन् ।

४१. फेब्रुअरी २००४ मा मैना सुनुवारको हिरासतमा भएको मृत्युबारे गरिएको सैनिक कारबाहीका सम्बन्धमा अक्टोबर २००५ मा भएको निर्णयमा शानेसे अनुसन्धान र सजायमा गम्भीर कमी भएकोबारे चिन्ता व्यक्त गरियो । सुरुमा १५ वर्षीय बालिकालाई थुनेको अस्वीकार गर्ने सेनाले घरबाट सैनिक हिरासतमा लिइएको तीन घण्टाभित्र उनी मरेकी र गलत केरकार विधिहरूको प्रयोग गरिएको कुरा स्वीकार गऱ्यो । तर जिम्मेवार एक महासेनानी (Colonel) र दुई सहसेनानी (Captains) लाई स्तरीय कार्यविधिहरू तथा मृत्युको सूचना र लासको व्यवस्थापनसम्बन्धी आदेशहरूको पालना नगरेको भनी दोषी ठहरचाइयो । उनीहरूलाई ६ महिना जेल जुन उनीहरूले हिरासतमा रहँदा नै पूरा गरेको भनियो, आगामी एकदेखि दुईवर्षसम्म बढुवा रोक्का र क्षतिपूर्ति रकम तिर्न सजाय सुनाइयो । ओएचसिएचआर-नेपालले प्रधानसेनापति (Chief of the Army Staff) को फैसलाप्रति निराशा व्यक्त गर्नुका साथै असमानुपातिक खालका हल्का सजायहरूले भविष्यमा यस्ता आपराधिक कार्यहरू कुनै पनि हालतमा रोक्न सक्ने छैनन् भनी जोड दियो । १३ फेब्रुअरी २००४ मा एउटा सम्बन्धित घटनामा अर्की बालिका रीना रसाइलीको तत्काल हत्याजस्तो देखिने (Summary execution) "अत्यधिक बल प्रयोग"को आदेश दिने अधिकृतलाई केवल चार महिनाको जेल सजाय र तीन वर्षका लागि बढुवा रोक्काको फैसला सैनिक अदालतले सुनाएको कुरा ओएचसिएचआर-नेपाललाई पछि थाहा भयो ।

४२. मानवअधिकार आयोग तथा महासभाद्वारा पारित "कार्यमार्फत दण्डहीनताविरुद्ध लड्न मानवअधिकार संरक्षणका लागि सिद्धान्तहरूको समूह"ले भन्छ : "सैनिक न्यायाधिकरणहरूको क्षेत्राधिकार मानवअधिकार उल्लङ्घनदेखि बाहिर खासगरी सुरक्षाकर्मीद्वारा भएका सैनिक कसुरहरूमा मात्र सीमित हुनुपर्छ । मानवअधिकारको उल्लङ्घन भने साधारण घरेलु अदालतको क्षेत्राधिकारभित्र पर्दछ (E/CN.4/2005/102/Add.1, 8 February 2005) ।" नेपालको सैनिक ऐन १९५९ अन्तर्गत हत्या र बलात्कारमात्र सैनिक अदालतको क्षेत्राधिकारभन्दा बाहिरका अपराध हुन् तर "सुरक्षा कारबाही"को बेला यी अपराधहरू भएमा यो नियम लागू हुँदैन् । गैरसैनिक अदालतमा मैना सुनुवारको हत्याको मुद्दा चलाउन भएका प्रयासहरूलाई ओएचसिएचआर-नेपालले सहयोग गरिरहेको छ ।

४३. सुरक्षाफौजका कर्मचारी संलग्न मुद्दाहरूमा अनुसन्धानहरू अगाडि बढाउन वा जाहेरी दरखास्त (First Information Report) लिन पनि प्रहरी र अन्य अधिकारीहरू अत्यन्त आनाकानी गर्छन् । मैना सुनुवारको मुद्दाबाहेक सशस्त्र प्रहरी बलका सदस्यहरूबाट अगष्ट २००५ मा मोरङ जिल्लामा हत्या गरिएका मनोज बस्नेतको सम्बन्धमा पनि यस्तै भएको पाइएको थियो ।

४४. प्रहरीले यातनासँग सम्बन्धित ११ वटा मुद्दा, जसमध्ये ६ वटा अदालतहरूमा मुद्दा दायरको प्रक्रियामा थिए, मा आफ्ना २१ कर्मचारीमाथि कारबाही गरेको जानकारी सरकारले यातनासम्बन्धी विशेष समाधीक्षकलाई डिसेम्वर २००५ मा दिएको थियो । शाही नेपाली सेनाले यातनासँग सम्बन्धित मुद्दामा ९ जनालाई सजाय दिएको छ । ओएचसिएचआर-नेपाल यी सबैको विवरण पर्खेर बसेको थियो ।

## २. नेपाल कम्युनिस्ट पार्टी (माओवादी)

४५. नेकपा (माओवादी)द्वारा हत्या गरिएका भनिएकाहरूको सङ्ख्या एकपक्षीय युद्धविरामको अवधिमा घट्यो तर अपहरण, हिंसा, ज्यानको धम्की र जबरजस्ती चन्दा असुलीलगायत पहिलेदेखि हुँदै आएका उल्लङ्घनका स्वरूपहरूले निरन्तरता पाए । युद्धविराम भङ्ग गर्दाको आफ्नो घोषणामा नेकपा (माओवादी) नेतृत्वले आफ्ना फौजी कारबाहीहरू “शाही सैनिक र भाडाका सुराकीहरू” माथि मात्र लक्षित हुने भनेको थियो । उच्चायुक्तले ५ जनवरी २००६ मा आफ्नो सार्वजनिक अपिलमा नेकपा (माओवादी)लाई अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारको पालना गर्न यसले देखाएको घोषित प्रतिबद्धताका लागि आवश्यक सबै कुरा स्वीकारेको सार्वजनिक रूपले घोषणा गर्न तथा आफ्ना कार्यकर्ताहरूलाई तिनलाई व्यवहारमा उतार्न उनीहरूको दायित्वबारे बुझाउन अनुरोध गरेको थियो । युद्धमा प्रत्यक्ष भाग नलिने सरकारी अधिकारीहरू, सुरक्षाफौजका परिवारहरू र सुराकी भनेर आरोप लगाइएका व्यक्तिहरूविरुद्ध हत्या र हिंसा हुनुहुँदैन भनेर उहाँले स्मरण गराउनु भयो । नेकपा (माओवादी)को नेतृत्वले कुनै पनि निशस्त्र व्यक्तिहरूलाई मार्ने वा सुरक्षाफौजका परिवारहरूलाई निसाना बनाउने आफ्नो कुनै नीति नरहेको प्रतिनिधिलाई जानकारी गरायो ।

### (क) सर्वसाधारण र घाइते भइ लड्न असमर्थ व्यक्तिहरूको हत्या

४६. ओएचसिएचआर-नेपालले युद्धविरामको अवधिमा नेकपा (माओवादी)द्वारा भए भनिएका कम्तीमा पनि १० हत्याबारे जानकारी प्राप्त गर्‍यो । शानेसेले सर्वसाधारणका १६ हत्याका विवरणहरू उपलब्ध गराउने बतायो । उच्चायोगलाई थाहा भएका घटनाहरूमा जबरजस्ती चन्दा सङ्कलन गर्ने प्रयासहरूको सन्दर्भमा मारिएका निसशस्त्र सर्वसाधारण वा माओवादी विरोधी गतिविधिहरूमा संलग्न ठानिएका व्यक्तिहरू, र घाइते भइ लड्न नसक्ने सुरक्षाफौजका सदस्यहरूलाई लक्षित गरी भएका हत्या पर्दछन् ।

४७. नेकपा (माओवादी)द्वारा भए भनिएका सर्वसाधारणको हत्यामा ११ सेप्टेम्बर २००५ मा जासुसीको आरोप लगाई गोरखा जिल्लामा गरिएको नवराज थपलियाको स्पष्ट हत्या पर्दछ । पहिला शाही नेपाली सेनासमक्ष आत्मसमर्पण गर्ने लक्ष्मी यादवलाई अक्टोबर ३, २००५ मा रौतहट जिल्लामा गोली हानी हत्या गरियो । काभ्रे जिल्लामा नेकपा (माओवादी)का सदस्यहरूद्वारा भइरहेको जबरजस्ती चन्दा असुलीको प्रतिरोध गर्ने मानिसहरूमा लक्षित गरेर चलाएको अन्धाधुन्ध गोलीकाण्डको लक्ष्मीलाल पोडे १ नोभेम्बर २००५ मा सिकार बन्न पुगे । नेकपा (माओवादी)द्वारा भएको जबरजस्ती चन्दा असुली प्रयासको सार्वजनिक विरोध गर्दा झापा जिल्लामा चुडामणि मैनालीलाई पहिला पिटियो र त्यसपछि ७ नोभेम्बर २००५ मा गोली ठोकी हत्या गरियो ।

४८. अगष्ट ७-८, २००५ मा कालिकोट जिल्लाको पिली भिडन्तमा शाही नेपाली सेना र नेकपा (माओवादी) दुवैले क्षति बेहोर्नुपर्‍यो (See A/60/359, para.39) । कारबाहीको क्रममा मारिएका शानेसेका सिपाहीहरूको लास जाँचले यातना वा अङ्गभङ्ग

गरिएको कुरालाई पुष्टि गरेन र आरोप लगाइएजस्तो केहीलाई पक्राउ गरी सकेपछि हत्या गरिएको थियो भन्ने कुरालाई यसै हो भनेर ठोकुवासाथ भन्न सकेन, यद्यपि तिनीहरूका टाउकामा बन्दुकका घाउहरू प्रशस्त थिए । नेकपा (माओवादी)बाट बन्दी बनाएकाहरूलाई पछि रेडक्रसको अन्तर्राष्ट्रिय समितिसमक्ष छोडियो । ओएचसिएचआर-नेपालले रिहाइ भएकाहरूसँग अन्तरवार्ता लिएको थियो जसमा उनीहरूलाई हिरासतमा दुर्व्यवहार गरिएको प्रमाण पाइएन् । पहिला पिलीमा भएका ५ सैनिक हराइरहेका शानेसेको भनाइ छ ।

४९. नेकपा (माओवादी)ले काठमाडौं सहरबाहिर थानकोट र दधिकोटमा १४ जनवरी २००६ मा प्रहरी चौकीहरूमाथि आक्रमण गरी १४ जना प्रहरीको हत्या गर्नुका साथै अन्यलाई घाइते बनाए । मारिएकामध्ये केही निसशस्त्र भएको र उनीहरूले आफूलाई आत्मसमर्पण गरिसकेको आरोप लगाइएको थियो । यसमा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन भएको छ कि छैन् भनी ठहर गर्न ओएचसिएचआर-नेपाल उक्त घटनाको अध्ययन गरिरहेको थियो । माओवादी नेतृत्वले ओएचसिएचआर-नेपाललाई सशस्त्र प्रहरीबाट उनीहरूलाई छुट्याउन सकिने अवस्थामा निसशस्त्र प्रहरी कर्मचारीमाथि आक्रमण गर्ने आफ्नो चाहना नभएको बतायो ।

**(ख) अपहरणहरू**

५०. नेकपा (माओवादी)ले दण्डित गर्ने हिसाबले सर्वसाधारणहरूको अपहरण गरी उनीहरूलाई जबरजस्ती श्रम, दुर्व्यवहार वा केही घटनाहरूमा त मृत्यु पनि हुने गरेको पाइयो । १९ सेप्टेम्बर २००५ मा कैलाली जिल्लामा अरु ३ जनासहित अपहृत मानबहादुर सुनारको लास अपहरण गरेको एकदिन पछि पाइयो । बाँकी ३ जनाको अहिलेसम्म अत्तोपत्तो छैन् । पर्वत जिल्लाबाट अन्य दुईजना सँगै अपहृत भएकी सरस्वती पराजुलीलाई ४ अक्टोबर २००५ मा मृत अवस्थामा पाइयो भने बाँकी दुईको अवस्था अहिलेसम्म अज्ञात छ । आफ्ना आमाबाबुसँगै बाग्लुङ जिल्लाबाट १० नोभेम्बर २००५ मा अपहृत भएका देवनारायणलाई डिसेम्बर २० मा मृत अवस्थामा पाइयो ; उनका आमाबाबुको स्थिति अज्ञात छ । थारू कल्याण समाजका ७० वर्षीय अध्यक्ष अष्टभुजा चौधरीलाई रूपन्देही जिल्लाबाट ७ जनवरी २००६ मा अपहरण गरियो । समाजलाई विघटन गर्ने सहमतिमा उनलाई भोलिपल्ट छाडियो ।

५१. सयजनाभन्दा बढी अपहृत भएका ६० भन्दा बढी घटनाबारे ओएचसिएचआर-नेपालले स्पष्टीकरण माग गऱ्यो । यसलाई सन् २००६ जनवरीमा पूर्वी, मध्य र पश्चिमी क्षेत्रहरूबाट करिब ३० घटनाका बारेमा जवाफ प्राप्त भयो र यसमा धेरैजसो संलग्न भएकाहरूलाई छाडिएको कुरा उल्लेख गरिएको थियो । विगतमा अपहरण गरिएकामध्ये केहीको हत्या गरिएको र अरुलाई थुनामा राखिएको कुरा नेकपा (माओवादी) नेतृत्वले स्वीकाऱ्यो तर उसले वास्तवमा त्यसमध्ये धेरैले माओवादी पार्टीमा प्रवेश गरेको दाबी गऱ्यो । तर परिवारहरूले भने सुरक्षाफौजबाट हुनसक्ने प्रतिशोधबाट बच्नका लागि उनीहरूलाई अपहृत गरिएको कुरा बताए ।

५२. हजारौं व्यक्तिहरूको आम अपहरण गरिएका खबरहरू आए जसमध्ये धेरैजसो शिक्षक र विद्यार्थी थिए । सन् २००५ को सेप्टेम्बर ३ र डिसेम्बर २ बीच रोल्पा जिल्लाबाट ५,००० सहित ८,००० भन्दा बढीको अपहरण भएको राष्ट्रिय मानवअधिकार सङ्गठनहरूले प्रतिवेदन गरे । रूकुम र ताप्लेजुङ जिल्लाहरूबाट ठूलो सङ्ख्यामा अपहरणहरू भए र सन् २००५ को सेप्टेम्बर र डिसेम्बर बीचको अवधिमा ३,००० भन्दा बढी बालबालिको अपहरण भयो । छोटो समयपछि नै धेरैजसो बालबालिकाहरूलाई छाडियो जुन अवधिमा उनीहरूलाई राजनीतिक सैद्धान्तिक प्रशिक्षण कार्यक्रममा भाग लिन लगाइन्थ्यो । तर ओएचसिएचआर-नेपालले केहीलाई लडाइँमा भाग लिन, सुराकी बन्न वा अन्य कामहरू गर्नका लागि भर्ती गरिएका थिए भन्ने भरपर्दो सूचना प्राप्त गऱ्यो ।

५३. ओएचसिएचआर-नेपालले नेकपा (माओवादी)द्वारा ड्युटीमा नरहेका बेला (Off-duty) अपहरण गरिएका ७० भन्दा बढीसमेतका गरी अपहृत सुरक्षाफौजका कर्मचारीहरूको बारेमा पनि स्पष्टीकरण माग गर्‍यो । सन् २००६ जनवरीको अन्त्यसम्म यसको जानकारी पाइएन् जबकि शाही नेपाली सेनालाई विश्वास छ कि यसका ३२ सुरक्षाकर्मी नेकपा (माओवादी)को हिरासतमा छन् ।

### (ग) सर्वसाधारणप्रतिको हिंसा र धम्की

५४. सर्वसाधारणविरुद्ध नेकपा (माओवादी)द्वारा हिंसाको प्रयोगबारे बराबर समाचारहरू प्रकाशमा आए । प्रतिनिधिमूलक घटनाहरूमध्ये माओवादीलाई सहयोग नगरेकोमा ३० अक्टोबर २००५ मा गुल्मी जिल्लाका माध्यमिक विद्यालय शिक्षकको अपहरण र कुटपिट पर्दछ । मोरङ जिल्ला विराटनगरका एक मानवअधिकार रक्षकको १५ सेप्टेम्बर २००५ मा अपहरण गरियो र सात दिनसम्म आफ्नो घर छाडेर कतै नजान नेकपा (माओवादी)को आदेशसहित उनलाई पछि तुरुन्तै घाइते अवस्थामा छाडियो । यातनासम्बन्धी विशेष समाधीक्षकले आफ्नो सेप्टेम्बर २००५ को भ्रमणको बेला जबरजस्ती चन्दा लिन, असहयोग गरेकोमा दण्डित गर्न र अरुलाई तर्साउन माओवादीले यातना दिने र अङ्गभङ्ग गर्ने गरेको डरलाग्दा प्रमाणहरू आफूले पाएको बताउनु भयो । यातना दिने तरिकाहरूमा लौराले खुट्टामा पिटने, रडले खुट्टामा प्वाल पार्ने, बन्दुकको कुन्दाले कुर्कुच्चामा हिकाउने र बुढी औंला काटेर अङ्गभङ्ग गर्ने पर्दछन् ।

५५. सरकारी अधिकारी, शिक्षक, पत्रकार, विकास कार्यकर्ता, गैसस सदस्य र मानवअधिकार रक्षकहरूले नेकपा (माओवादी)बाट शारीरिक अखण्डताप्रति धम्कीको सामना गर्नुपर्‍यो र कतिले आफ्नो जागिर त्याग्न वा घर छोड्न बाध्य हुनुपर्‍यो । त्यस्ता धम्की माओवादी विरोधी गतिविधिमा लागेको आरोप अथवा खाना, बस्न, श्रम वा पैसा दिन अस्वीकार गरेको कुरासँग सम्बन्धित थिए । ओएचसिएचआर-नेपालले यस्ता कारबाहीका समाचारहरू गोरखा, दैलेख, गुल्मी, दोलखा र रामेछाप जिल्लाहरूबाट प्राप्त गर्‍यो । दैलेख जिल्लाका *नेपाल समाचारपत्र* दैनिकका समाचारदाता कमल न्यौपानेलाई नेकपा (माओवादी)ले १८ अक्टोबर २००५ मा ३ हप्ताभित्र राजीनामा दिन नत्र परिणामहरूको सामना गर्न धम्की दियो । माओवादीले पछि यो धम्की फिर्ता लिंदै अनुशासनात्मक कारबाही गर्ने वचन दियो । *ब्लाष्ट टाइम्स*का पत्रकार चन्द्रमणि कट्टेललाई नेकपा (माओवादी)का सदस्यहरूले २२ नोभेम्बेर २००५ मा मोरङ जिल्लामा अपहरण गरी ५ घण्टासम्म थुनेर राखे । उनलाई गुप्तचरी गरेको आरोप लगाइएको थियो ।

५६. शाही नेपाली सेनाका सदस्य तथा तिनका परिवारहरू नेकपा (माओवादी) धम्कीका खास निसानाहरू बने ; उनीहरूका घरमा तालाबन्दी गरियो, कालो झण्डा राखी चिनो लगाइयो र उनीहरूको जमिन कब्जा गरियो । सन् २००५ को अन्तिम ३ महिनामा यस्ता खालका समाचारहरू बारा, महोत्तरी र खोटाङ जिल्लाहरूबाट आएका थिए । यो अवधिमा शाही नेपाली सेनाका १६५ कर्मचारीका घर कब्जा गरिएको शानेसेले उल्लेख गर्‍यो । प्रहरी कर्मचारीका परिवारहरू पनि यसरी नै प्रभावित भए ।

५७. माओवादी नेतृत्वले २२ डिसेम्बर २००५ को प्रेस वक्तव्यमार्फत नगरनिर्वाचनको विरुद्धमा सङ्घर्षका विभिन्न कार्यक्रमहरू घोषणा गर्‍यो, जसमा “नगरनिर्वाचनमा संलग्न अधिकारी र प्रत्याशीहरूविरुद्ध विशेष कारबाही” पर्दथ्यो । यसको मतलब कस्तो खालको कारबाही हो भनी जानकारी माग गर्दै र युद्धमा सक्रिय भाग नलिने व्यक्तिहरूको जीवन वा शारीरिक अखण्डताप्रतिको खतरा वा बन्धक बनाउने कार्य यसमा पर्ने छैन र यो अन्तर्राष्ट्रिय मानवीय कानुन र अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको गम्भीर उल्लङ्घन हुनेछ भनी घोषणा गर्न कार्यालय प्रतिनिधिले माओवादी नेतृत्वलाई पत्र लेख्नुभयो । उनीहरूको चुनाव बिथोल्ने उद्देश्यलाई “कुनै पनि हालतमा हाम्रा कार्यकर्ताहरूलाई चुनावमा भाग लिनेहरूलाई अपहरण गर्न वा मार्न निर्देशन दिइएको छ भन्ने अर्थमा बुझिनु हुँदैन्” भन्ने जवाफ माओवादी नेतृत्वबाट प्राप्त भयो । तर जनकपुरका मेयरका उम्मेदवार विजयलाल दासलाई २५ जनवरी २००५ मा दुई माओवादीद्वारा हत्या गरिएको खबर आयो । ओएचसिएचआर-नेपालले हत्याको भर्त्सना गर्दै नेकपा (माओवादी) नेतृत्वलाई पनि त्यसै गर्न अनुरोध गर्‍यो । यसले माओवादीलाई यस्तो हत्या पार्टीको नीतिविरुद्ध

रहेको कुरा सार्वजनिक रूपले भन्न तथा आफ्ना कार्यकर्ताहरूलाई पनि बुझाउन अनुरोध गऱ्यो । जनवरीको अन्त्यसम्म यसको उत्तर आएन ।

### (घ) जवाफदेहीता

५७. नेकपा (माओवादी)ले आफ्ना कार्यकर्ताले गरेका कारबाही पार्टीको नीतिविरुद्ध भयो भनिएका धेरै घटनामा उनीहरूले जिम्मेवारहरूलाई कारबाही गरेको बताए तर ओएचसिएचआर-नेपालले सजाय ठम्याउन वा जाँच गर्न सकेन । सात पार्टीसँग भएको समझदारीपत्रमा घटनाहरूको अनुसन्धान गर्न, दोषीविरुद्ध कारबाही गर्न र त्यसलाई सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

## ३. भिजिलान्ते समूहहरू-प्रतिकार समिति

५८. ओएचसिएचआर-नेपालले प्रतिकार समिति भनेर चिन्हिने अवैधानिक सशस्त्र समूहहरूद्वारा भएको हिंसाको हद र प्रकृतिको नवलपरासी र कपिलवस्तु जिल्लाहरूमा अनुसन्धान गऱ्यो । लगभग सन् २००५ फेब्रुअरीदेखि शङ्कास्पद माओवादीविरुद्ध केही गाउँलेहरूले सरकार उनीहरूको सुरक्षा गर्न असमर्थ भएको भन्दै कानुन आफ्नो हातमा लिएका छन् र ओएचसिएचआर-नेपालले प्रतिकार समिति र नेकपा (माओवादी)का सदस्यहरू दुवैबाट भएका प्रतिशोधपूर्ण धम्की, जबरजस्ती चन्दा असुली, आक्रमण तथा हत्याहरू भएको पायो । सर्वसाधारणहरू त्यो प्रक्रियामा मारिएका कतिपय उदाहरणहरू भेटिए । प्रतिकार समितिले गरेका प्रतिशोधपूर्ण कारबाहीहरू दुवै जिल्लामा सन् २००५ को मध्यसम्ममा घटेको पाइयो, तर हत्यालगायत धेरैजसो घटनाको अनुसन्धान हुन सकेन् र प्रभावित भएकाहरू यी आरोपित अपराध राज्यअधिकारीहरूसमक्ष उजुरी गर्दा आउने परिणामहरूबाट त्रस्त बनिरहे । सन् २००५ फेब्रुअरीमा कपिलवस्तु जिल्लाको गणेशपुरमा प्रतिशोधपूर्ण हिंसा सुरु हुँदा राज्यअधिकारीहरूले उक्साउने काम गरे र ओएचसिएचआर-नेपालले केही घटनाहरूमा राज्यले नै प्रतिकार समूहका कारबाहीहरूलाई चुपचाप सहेको या उनीहरूसँग मिलेमतो गरेको भनी चिन्ता व्यक्त गऱ्यो । सन् २००४ जनवरीमा "शान्ति तथा विकास समिति" भनी पुनः नामकरण गरिएका प्रतिकार समितिहरूले यी दुवै जिल्लामा आफ्नो प्रभाव कायमै राखेको कुरा उच्चायोगले थाहा पायो तर सन् २००५ को मध्ययता शाही नेपाली सेनाले यी समूहहरूद्वारा हुने गरेको प्रतिशोधपूर्ण कारबाहीहरूलाई सीमित गर्नका लागि प्रयासहरू थालेको पुष्टि गऱ्यो ।

६०. ओएचसिएचआर-नेपालले दैलेख जिल्लामा पूर्व शाही नेपाली सेनाका कर्मचारीद्वारा नेतृत्व गरिएको "स्पेशल टाइगर फोर्स" (Special Tiger Force) नामक अवैधानिक सशस्त्र समूहबारे आएका समाचारहरूबारे पनि अनुसन्धान गऱ्यो । यो समूह आरोपित माओवादीहरूको हत्या गर्ने वा सुरक्षाफौजलाई सुम्पने कार्यमा संलग्न भएको भनिन्थ्यो । शानेसे र उक्त समूहको नेतृत्व गर्ने भनिएका पूर्वसैनिक हवल्दार (Ex-sergeant) ले समूहको अस्तित्वलाई अस्वीकार गरे तर ३० डिसेम्बर २००५ मा दुई नेकपा (माओवादी) कार्यकर्ताको हत्यामा यो समूह संलग्न भएको थप समाचारहरू आएका थिए ।

६१. एक जवाफमा सरकारले स्वस्फूर्त रूपमा स्थानीय मानिसहरूद्वारा गठित यस्ता समूहहरूको निर्माणलाई प्रोत्साहन दिने वा सहयोग पुऱ्याउने आफ्नो नीति नरहेको, उनीहरूका गतिविधिमा कुनै पनि किसिमका सहमति नभएको र कानुन आफ्नो हातमा लिने जोसुकैलाई पनि विश्वासनीय प्रमाण फेला परेमा तिनीहरूमाथि कडाभन्दा कडा कारबाही गरिने बताएको थियो ।

## ४. विशेष चासोका समूहहरू

### (क) आन्तरिक रूपले विस्थापितहरू

६२. सशस्त्र द्वन्द्वबाट मानिसहरू विस्थापित भएका छन भन्ने कुरा विवादरहित तथ्य भए पनि कुन हदसम्म जबरजस्ती विस्थापन गरिएको छ भन्नेबारे अनिश्चितता कायमै छ । अन्य देशमा भन्दा नेपालमा विस्थापन कम देखिन्छ । यसको आंशिक कारण के हो भने सशस्त्र पात्रहरू (Armed actors) बाट भागेर जानेहरू आन्तरिक रूपले विस्थापितहरू (IDPs) भनेर चिन्हिन चाहँदैनन् र उनीहरू या त सहरी समुदायमा एकीकृत हुन्छन् वा खुला सीमा पार गरी भारततर्फ लाग्छन् । त्यसैले आइडिपी बस्तीहरू थोरै छन् । द्वन्द्वजन्य विस्थापनको सामना गर्नसक्ने क्षमताको भ्रमले विस्थापनबाट संरक्षित रहने ग्रामीण जनसङ्ख्याको आवश्यकता, स्वास्थ सेवाको पहुँच, विद्यालय सुविधा, डकुमेन्टेसन, सम्पत्ति वा मोहियानी अधिकारजस्ता खतरामा परेका अधिकारहरूलाई लुकाउन सक्छ ।

६३. सात दलको गठबन्धनसँग भएको समझदारीपत्रमा नेकपा (माओवादी)ले "सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूका अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा, सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्वाध ढङ्गले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरे ।" समझदारी सम्पन्न भएपछिका साताहरूमा द्वन्द्वप्रभावित जिल्लाहरूमा केही परिवारहरू आफ्ना गाउँतिर फर्किन थालेका समाचारहरू आएका थिए, तर धेरैले फर्किन आनाकानी गरे । यो अवधिभन्दा अगाडि विस्थापन जारी रहेको बुझिएको थियो । युद्धविरामको अन्त्य भएपछि विस्थापन प्रक्रिया पुनः सुरु भएका प्रारम्भिक समाचारहरू आएका थिए ।

६४. माओवादी हिंसाबाट विस्थापित भएकालाई सरकारले आर्थिक सहयोग उपलब्ध गराउँछ । आइडिपीसम्बन्धी बृहत् सरकारी नीति निर्माणबारे अन्तरमन्त्रालय परामर्शहरू जारी रहे जुन नीतिले सरकारले भनेअनुसार आन्तरिक विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशक सिद्धान्तहरू (UN Guiding Principles on Internal Displacement) र आइडिपीको बृहत् परिभाषा लाई पनि ध्यान दिनेछ ।

## (ख) बालबालिका

६५. जीवनप्रतिको, शारीरिक अखण्डताप्रतिको, स्वास्थ्य र शिक्षाप्रतिका अधिकारहरूगायत १८ वर्षमुनिका बालबालिकाका अधिकारहरू द्वन्द्वरत दुवै पक्षबाट बारम्बार उल्लङ्घन भए । बालबालिकाहरूको हत्या, कुटपिट, अवैधानिक थुना, भर्ती वा सैन्य उद्देश्यका लागि उनीहरूको अन्य प्रयोग एवं विद्यालयहरू र स्वास्थ्य केन्द्रहरूमा आक्रमण गरिएका समाचारहरू प्राप्त भएका थिए ।

६६. एकपक्षीय युद्धविरामको अवधिमा नेकपा (माओवादी)द्वारा २ बालबालिकाको हत्या गरियो भने ८ घाइते बनाइए । नेकपा (माओवादी)लाई सहयोग नगरेकोमा पनि बालबालिकालाई पिटियो र कहिलेकाहिँ उनीहरूलाई आफ्ना परिवारबाट विस्थापित गरियो । १२ र १५ वर्ष उमेरका दुई बालकलाई १६ नोभेम्बर २००५ मा अपहरण गरिएको समाचार आयो र उनीहरूलाई नेकपा (माओवादी)ले तनहुँ जिल्लामा चारदिनसम्म दुर्व्यवहारसाथ राख्यो । उनीहरूलाई सुराकीको आरोप लगाइएको थियो । तिनका आमाबाबुले नेकपा (माओवादी) सदस्यहरूसँग सोधीखोजी गर्दा उनीहरूलाई पनि अपहरण गरी कुटपिट गरिएको समाचार आएको थियो ।

६७. नेकपा (माओवादी)ले सैन्य उद्देश्यका लागि बालबालिकाको प्रयोग गरेको कुरालाई निरन्तर अस्वीकार गरे पनि लडाकु, सुराकी, भान्से वा भरियाहरूको रूपमा प्रयोग गर्न बालबालिकाहरूलाई अनिवार्य भर्ती गर्ने गरिएका उजुरीहरू प्राप्त भएका थिए

। माओवादी पार्टी छोड्ने वा सुरक्षाफौजसमक्ष आत्मसमर्पण गर्ने बालबालिकाहरू पुनः भर्ती हुने खतरामा पुगे वा सुरक्षाफौजद्वारा थुनामा राखिए ।

६८. सुरक्षाफौजद्वारा पक्राउ परेका नेकपा (माओवादी)सँग सम्बन्ध भएको आरोप लागेका बालबालिकाहरूको स्थिति चिन्ताको विषय रह्यो, खासगरी न्यायिक अनुसन्धानविना टाडोअन्तर्गत थुनिएकाहरू । सन् २००५ मा टाडोअन्तर्गत कारागार र प्रहरी थानामा राखिएका कम्तीमा पनि १०० बालबालिकाको बारेमा ओएचसिएचआर-नेपालले थाहा पायो । केहीलाई त कानुनले तोकेभन्दा पनि बढी समयसम्म राखेको पाइयो । यो सङ्ख्याको कम्तीमा पनि एक-चौथाई १६ वर्षभन्दा कम उमेरमा पक्रिएका थिए । यो नेपालको बाल ऐन १९९२ ले नाबालक भनी परिभाषित गरेको उमेर हो । प्रमुख जिल्ला अधिकारीले दिएको प्रारम्भिक थुनुवा आदेशअनुसार १५ वर्षमुनिका दुई बालबालिकालाई कपिलवस्तु जिल्लामा २७ अप्रिल २००५ बाट टाडोअन्तर्गत थुनिएको थियो । उनीहरूलाई अदालतको आदेशमा ५ सेप्टेम्बर २००५ मा रिहाइ गरेपछि तत्कालै पुनः पक्राउ गरियो । ओएचसिएचआर-नेपालको जाँचबुझको प्रतिउत्तरमा जिल्ला प्रहरी कार्यालयले प्रहरी मानवअधिकार सेललाई झुठो जानकारी उपलब्ध गरायो ।

६९. एकपक्षीय युद्धविरामको अवधिमा समेत शिक्षाप्रतिको अधिकारको निरन्तर अवमूल्यन भएको छ । दुवै पक्षद्वारा सैन्य वा राजनीतिक उद्देश्यका लागि विद्यालयको प्रयोगमा “शान्तिक्षेत्रको रूपमा बालबालिका” अभियानको अझै सशक्त प्रभाव पर्न सकेको छैन् । नेकपा (माओवादी) र यसको विद्यार्थी वर्गीय सङ्गठनद्वारा निजी तथा सामुदायिक विद्यालयहरू जबरजस्ती बन्द गराउने व्यापक चलनले खासगरी पूर्वाञ्चल क्षेत्रका ग्रामीण इलाकाहरूमा बालबालिकाको शिक्षाप्रतिको अधिकारलाई प्रभावित गरेको छ । एउटा प्रतिनिधिमूलक घटनामा नेकपा (माओवादी)सँग सम्बन्धित अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन ( क्रान्तिकारी)को अर्घाखाँची जिल्लामा हस्तक्षेपपछि अक्टोवर १६, २००५ मा ६०० भन्दा बढी विद्यार्थीले निजी विद्यालयहरू छोड्न बाध्य भएको समाचार आएको थियो । राजनीतिक प्रशिक्षणका लागि शिक्षकहरूसहित हजारौं बालबालिकाको आमअपहरणले गर्दा शिक्षा बिथोलियो ।

### (ग) महिला

७०. द्वन्द्वको सन्दर्भमा सुरक्षाफौजको खानतलासी कारबाही गर्दा वा गाउँमा नेकपा (माओवादी)को उपस्थितिका बेला भएका दुर्व्यवहार, र शाही नेपाली सेनाले हिरासतमा भएको चरम यातना तथा दुर्व्यवहार र माओवादीले दिएको यातनासम्बन्धी मुद्दालगायत २० औं घटनाहरूको ओएचसिएचआर-नेपालले अनुसन्धान गर्‍यो । महिलाविरुद्धका हिंसाहरू प्रतिशोधको वा थप पीडित भइने डरले कम प्रतिवेदित भएको विश्वास गरिन्छ, र त्यसैले पीडितहरू कानुनी सहायता र समुचित व्यवहारका लागि अगाडि सर्दैनन् ।

७१. ओएचसिएचआर-नेपालले सक्रिय अनुगमन गरिरहेका राज्यद्वारा भए भनिएका दुर्व्यवहारसम्बन्धी उजुरीहहरूमध्ये २६ वटा बेपत्ता पारिएका महिला, २९ वटा थुनामा भएको यातना र दुर्व्यवहार, ३ वटा बलात्कारका, १३ वटा टाडोअन्तर्गतका, ४ वटा पुनः गिरफ्तारिका, ७ जटा गैरन्यायिक हत्या ३ वटा जथाभावी आक्रमणका र कतिपय ज्यानको धम्कीसँग सम्बन्धित छन् । सन् २००६ जनवरीमा ओएचसिएचआर-नेपालले सिराहा जिल्लामा अज्ञात समूहहरूद्वारा महिलाहरूको हत्या र यौनहिंसाका घटनाहरू भएको पुष्टि गर्‍यो ।

### (घ) मानवअधिकार रक्षकहरू

७२. मानवअधिकार रक्षकहरू, खासगरी काठमाडौं बाहिर काम गर्नेहरू, का लागि काम गर्ने वातावरण कठिन रह्यो । उनीहरू नेकपा (माओवादी) र राज्यअधिकारीहरूबाट एक वा अर्कोलाई सहयोग गरेको आरोपमा आउने डर-धम्कीले गर्दा असुरक्षित रहे ।

विशिष्ट मानवअधिकार चासोहरूलाई उठाउने रक्षकहरूलाई सैनिक, प्रहरी र निजामति अधिकारीहरूले बोलाई केरकार गर्ने, धम्क्याउने र कहिलकाहिँ पक्राउ गरी केही समय थुन्ने पनि गरिएको छ । सरकारद्वारा लादिएको गैसस आचारसंहिता राज्यद्वारा हुने दुर्व्यवहारको मुद्दा उठाउनेहरूमाथि प्रयोग गरिनेछ भनी गैससहरूले विशेष चिन्ता व्यक्त गरेका छन् । सञ्चार अध्यादेश केही पत्रकारहरूलाई धम्क्याइ स्वपूर्वप्रतिबन्ध (Self-censorship) लगाउन आएको देखिन्छ ( हेर्नुहोस तल परिच्छेद ८२ र ८५) । मानवअधिकार रक्षकहरू आफ्नो मानवअधिकार कार्यको प्रतिक्रियास्वरूप नेकपा (माओवादी)बाट हुनसक्ने प्रतिशोधबाट अझै त्रस्त छन्, यद्यपि एकपक्षीय युद्धविराम र सात दलसँग भएको समझदारीपत्रमा भएका प्रतिबद्धताहरूले उनीहरूका अधिकारको सम्मान गर्न नेकपा (माओवादी)माथि सकारात्मक प्रभाव पारेको हुनसक्छ । यस्ता चिन्ताका बाबजुद मानवअधिकार रक्षकहरूले राज्यअधिकारीहरू र नेकपा (माओवादी) दुवैबाट भएका उल्लङ्घनहरूको सक्रिय अनुगमन गर्न वा सीधा र सटिक आलोचना गर्न हिच्किचाएनन् ।

## ख. प्रजातान्त्रिक अधिकारहरू

७३. अभिव्यक्ति र सङ्गठन गर्ने स्वतन्त्रताप्रति गम्भीर चिन्ता उत्पन्न गर्ने गरी सञ्चार तथा गैससहरूलाई थप नियन्त्रण गर्न सरकारले अध्यादेशहरू जारी गऱ्यो । सात दलले "प्रजातान्त्रिक जागरण अभियान" र सँगसँगै नागरिक समाजका तर्फबाट भएका प्रदर्शनहरूपछि अधिकारीहरूले सार्वजनिक सभाहरूमा बन्देज लगाउन थुप्रै कदम चाल्नुका साथै नेता र कार्यकर्ताहरूलाई पक्राउ गरे ।

### १. आवतजावत गर्ने स्वतन्त्रता र शान्तिपूर्वक भेला हुने स्वतन्त्रता

७४. ओएचसिएचआर-नेपालले सेप्टेम्बर २००५ मा शान्तिपूर्वक भेला हुने अधिकारको अभ्यासलाई रोक्ने साधनको रूपमा जिल्ला प्रशासकहरूले सार्वजनिक सभा वा भेलाहरूमा लगाइरहेका पूर्ण प्रतिबन्धप्रति चिन्ता व्यक्त गऱ्यो । बाँके, झापा, कैलाली, रूकुम र अन्य जिल्लाहरूका नगरपालिकाहरूमा यस्ता प्रतिबन्धहरू प्राय: राजनीतिक दलहरू वा नागरिक समाजका सङ्गठनहरूले ती क्षेत्रमा शान्तिपूर्ण प्रदर्शनका कार्यक्रमहरूको घोषणा गरेको लगत्तै लगाइए । सरकारले खासखास ठाउँहरूमा सर्वसाधारणका अधिकार र सुरक्षाको सुनिश्चित गर्नमात्र भेलाहरूमाथि प्रतिबन्ध लगाइएको हो भनी जवाफ दियो तर अनुरोध गरेअनुसार यस्ता सबै आदेशका प्रतिलिपिहरू र तिनको आवश्यकता र कानुनी आधार के थियो भन्ने स्पष्टीकरण उपलब्ध गराएन् ।

७५. ओएचसिएचआर-नेपालले प्रदर्शनहरू र तिनको सुरक्षा व्यवस्था अनुगमन गर्नका साथै हिंसामा परिणत हुनसक्ने स्थितिबाट बच्न आयोजक र प्रहरीबीच संवादलाई बढावा दियो । अगष्ट र सेप्टेम्बरमा भएका प्रदर्शनहरूमा सुरक्षा व्यवस्था मिलाउन प्रहरी महानिरीक्षकसमक्ष यसले आफ्नो चिन्ता जाहेर गऱ्यो । प्रदर्शनकारीहरूबाट हुने हिंसाको प्रयोगले साँच्चै नै सार्वजनिक व्यवस्थामाथि खतरा पुऱ्याउने अवस्थामा प्रहरीहरूले आफूलाई कठिन र कहिलेकाहिँ खतरापूर्ण अवस्थामा पाउँछन् भन्ने कुरालाई ओएचसिएचआर-नेपालले स्वीकाऱ्यो तर हिरासतमा लिएका केही व्यक्तिहरूलाई पिटियो भन्ने सेप्टेम्बर २००५ मा आएका समाचारहरू एवं सर्वसाधारणलाई खतरामा पर्ने गरी अश्रुग्याँसको प्रयोग र प्रहरीले ढुङ्गा हानेको घटनाप्रति कार्यालय विशेष चिन्तित भयो । उच्चायोगले त्यसपछि जनवरीकोमध्यसम्म भएका प्रदर्शन र ऱ्यालीहरूको अनुगमनले यस्ता भेलाहरूको सुरक्षा व्यवस्था सुध्रेको ठहर गऱ्यो ।

७६. ओएचसिएचआर-नेपालले क्षेत्र, अञ्चल र जिल्ला प्रशासनका सदस्यहरू एवं सुरक्षाफौजले शान्तिपूर्वक भेला हुने स्वतन्त्रता र आवतजावतको स्वतन्त्रताको अधिकार अभ्यास गर्नबाट रोक्न खोजेका समाचारहरूसम्बन्धी सरकारसमक्ष चिन्ता व्यक्त गऱ्यो । कतिपय जिल्लाहरूमा जनतालाई भाग लिन नदिन स्थानीय प्रशासनहरू नै लागेको आरोप लाग्यो । प्रदर्शनका आयोजकहरूले

सुरक्षाफौजले बारम्बार प्रदर्शनस्थलतर्फ गएका बसहरू रोक्न वा तिनलाई ढिलो गराउन खोजेको पनि दाबी गरे, जबकि सुरक्षा जाँच गर्न आवश्यक थियो भन्ने अधिकारीहरूको दाबी थियो । ओएचसिएचआर-नेपालले सुरक्षा सुनिश्चित गर्नुपर्ने आवश्यकता स्वीकार्दै आवतजावतको स्वतन्त्रता र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारको सम्मान गर्न अधिकारीहरूलाई अनुरोध गर्‍यो ।

७७. ८ फेब्रुअरी २००६ मा हुने नगरनिर्वाचनको विरोधमा २००६ जनवरीको उत्तरार्धमा सार्बजनिक विरोध चर्केर गएकाले ओएचसिएचआर-नेपालका चासोहरू बढे । अधिकारीहरूले जनवरी १६ मा सबै सभा, जुलुस र धर्नामा काठमाडौं चक्रपथभित्र प्रतिबन्ध लगाए । सात पार्टीले जनवरी २० मा आह्वान गरेको मुख्य प्रदर्शन र अन्य नियोजित विरोध कार्यक्रमभन्दा अगाडि नै यो प्रतिबन्ध लगाइएको थियो । जनवरी २० को प्रदर्शन नेकपा (माओवादी)ले हिंसा भड्काउन वा हिंसात्मक कार्य गर्न एउटा अवसरको रूपमा लिने सूचना प्राप्त भएकाले यसो गर्न आवश्यक थियो भनी सरकारले बतायो । जनवरी १४ मा काठमाडौं उपत्यकामा माओवादीबाट भएका आक्रमणहरूको आलेकमा गम्भीर सुरक्षा स्थिति उत्पन्न भएको स्वीकार गर्दै उच्चायोगले प्रदर्शनहरूमाथि लगाइएको पूर्ण प्रतिबन्ध शान्तिपूर्वक भेला हुने स्वतन्त्रतामाथिको चर्को नियन्त्रण भनी खेद प्रकट गर्‍यो । अरु नगरपालिकाहरूमा भेलामाथि थप प्रतिबन्ध लगाइए । राजनीतिक नेताहरू पक्रेकोमा बढ्दो विरोध, नगरनिर्वाचन गराइ छाड्ने सरकारको इच्छा र यी प्रतिबन्धका चुनौतीहरूले प्रदर्शनकारीहरूद्वारा थप हिंसात्मक कार्य हुन गए भने प्रदर्शनहरू तोड्न र पक्राउ गर्न प्रहरीद्वारा अत्यधिक बलको प्रयोग भयो ।

## २. स्वैच्छाचारी थुना र निष्पक्ष सुनुवाई

७८. सन् २००५ को सेप्टेम्बर र डिसेम्बरमा देशभरी भएका र्‍याली र प्रदर्शनहरूमा सयौं राजनीतिक दलका नेता-कार्यकर्ताहरू तथा नागरिक समाजका प्रतिनिधिहरू पक्राउ परे । केहीले निषेधित क्षेत्र पस्ने प्रयास गरे पनि र केही विद्यार्थी प्रदर्शनकारीहरूले प्रहरीविरुद्ध हिंसात्मक गतिविधि सुरुवात गरे पनि अधिकांश भेलाहरू शान्तिपूर्ण थिए । समातिएकामध्ये अधिकांशलाई केही घण्टापछि वा भोलिपल्ट छाडिए पनि केहीलाई ढुङ्गा हानेको वा अन्य कार्य गरेको आरोपमा सार्वजनिक अपराध ऐन १९७० अन्तर्गत अभियोग लगाइयो ।

७९. जनवरी २० मा हुने काठमाडौं प्रदर्शन रोक्नका लागि प्रतिबन्ध लागू गरिएको दुई दिनपछि सुरक्षाफौजले १९ जनवरी २००६ मा सयभन्दा बढी राजनीतिक तथा नागरिक समाजका नेताहरूलाई काठमाडौंमा उनीहरूका घरबाट एकाबिहानै पक्राउ गर्‍यो र उनीहरूलाई सार्वजनिक सुरक्षा ऐन १९८९ अन्तर्गत ९० दिने थुनुवा आदेश पुर्जी थमाइयो । यो ऐनले प्रमुख जिल्ला अधिकारीको आदेशमा नेपालको "सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र सुव्यवस्था"मा खलल पुर्‍याउनेलाई ९० दिनसम्म विनाअभियोग कुनै पनि व्यक्तिलाई थुनामा राख्न सकिने व्यवस्था गरेको छ (See A/60/359, para.15) । अन्य वरिष्ठ नेताहरूलाई घरमैं नजरबन्दमा राखियो । शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारमाथि भएको चर्को प्रतिबन्धले ल्याएको चिन्तामाथि अन्धाधुन्ध आम गिरफ्तारीले थप चिन्ता थप्यो । यसरी पक्राउ पर्नेमध्ये धेरैले हिंसाविरुद्ध आवाज उठाएका थिए । पछिल्ला दिनहरूमा काठमाडौं र धेरै सहरमा  विरोध कार्यक्रमहरू हुँदा सयौं थप गिरफ्तारी भए । पक्रिएकामध्ये केहीलाई छाडियो तर धेरैलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत ३ महिने थुनुवा पुर्जी थमाइयो । जनवरीको अन्त्यसम्म सयौं व्यक्ति थुनामा नै रहेका थिए ।

८०. भ्रष्टाचार नियन्त्रण शाही आयोगले पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र पूर्व मन्त्री प्रकाशमान सिंहलाई जुलाई २००५ मा दोषी ठहरचाएपछि उनीहरू २००६ जनवरी अन्त्यसम्म पनि हिरासतमै थिए (See ibid, para.57) । शाही आयोगका अधिकारहरू न्यायिक प्रकृतिका छन् तर नियुक्तिका सर्तहरू र आयुक्तहरूको पदावधि न्यायपालिकाको स्वतन्त्रता र निष्पक्ष सुनुवाइका लागि अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मेल खाँदैनन् । शाही आयोग अनुसन्धानकर्ता, अभियोक्ता र अदालतको रूपमा काम गर्दछ र यसका

अधिकार तथा कार्यले बचाउका लागि आवश्यक सबै प्रत्याभूतिप्रतिको अधिकारलाई अवमूल्यन गर्दछ । कैयन महिनादेखि आयोगको संवैधानिकतालाई चुनौती दिंदै हालिएको निवेदन सर्वोच्च अदालतमा विचाराधीन थियो । जनवरीको सुरुमा अदालतले यसको अन्तिम सुनुवाई १३ फेब्रुअरी २००६ सम्मका लागि स्थगित गरेको छ ।

## ३. अभिव्यक्तिको स्वतन्त्रता

८१. पत्रकार तथा सञ्चारकर्मीहरूलाई बारम्बार धम्क्याउने र दुःख दिने काम जारी रह्यो । प्रतिबन्धको धम्की हुँदाहुँदै पनि काठमाडौंमा मिडियाले अधिक मात्रामा अभिव्यक्ति स्वतन्त्राको उपभोग गर्न पायो भने जिल्लामा पत्रकारहरूलाई आलोचनात्मक समाचार लेखेबापत स्थानीय प्रशासन, प्रहरी र शाही नेपाली सेनाले बोलाई धम्क्याउने काम भयो । केहीले मार्ने धम्की आएको भने । १९ सेप्टेम्बर २००५ मा पक्राउ गरिएका दैलेख जिल्लाका पत्रकार हरिहरसिंह राठोरसहित कतिपय सञ्चारकर्मीहरूलाई छोटो समयावधिका लागि स्वैच्छाचारी ढङ्गले पक्राउ गरियो । ओएचसिएचआर-नेपालले राठोर घटनाको अनुसन्धान गरेको थियो । राजतन्त्रका लागि आपत्तिजनक लाग्ने कार्टुन प्रकाशित गरेबापत अगष्ट २००५ मा दुई विशिष्ट सम्पादकहरूलाई काठमाडौंका प्रमुख जिल्ला अधिकारीबाट बोलावट भयो र सूचना तथा सञ्चारमन्त्रीद्वारा सार्वजनिक रूपले कानुनी कारबाही गर्ने धम्की दिइयो । कहिलेकाहिं प्रदर्शनसम्बन्धी समाचारहरू सङ्कलन गर्ने क्रममा पत्रकारहरूलाई एक्ल्याएर पिटियो ।

८२. सन् २००५ अक्टोबरमा मिडियासम्बन्धी ६ वटा छुट्टाछुट्टै ऐनहरू संशोधन गरी सरकारले सञ्चार अध्यादेशको घोषण गर्‍यो । ती ऐनहरूमा पहिल्यै भएका बन्देजकारी प्रावधानहरूलाई यसले अझ बलियो बनायो र अभिव्यक्ति स्वतन्त्रता तथा जानकारी प्राप्त गर्ने र प्रदान गर्ने अधिकारको उपभोगमा नयाँ प्रतिबन्धहरू लागू गर्‍यो । एफएम रेडियो स्टेसनबाट समाचार प्रसारणमाथि बन्देज लगाउने, दुष्परिभाषित बन्देजहरूमार्फत र गाली बेइज्जतीलाई आपराधिक कसुर बनाएर सार्वजनिक व्यक्तित्वहरूको आलोचना सीमित गर्ने, विदेशी समाचार संस्थाबाट समाचार प्रयोग गर्नका लागि सरकारी स्वीकृति लिन लगाउने र सरकार नियन्त्रित प्रेस काउन्सिललाई पत्रकारहरूको लाइसेन्स खारेज गर्न अधिकार दिने सरकारी प्रयासहरूलाई यो अध्यादेशले अझ बलियो बनायो । यी प्रतिबन्धहरूले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको उल्लङ्घन गर्ने र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत छुट पाएका प्रतिबन्धहरूभन्दा बाहिर जाने भएकाले ओएचसिएचआर-नेपालले चिन्ता व्यक्त गर्‍यो ।

८३. जबरजस्ती कार्यान्वयन गर्न खोज्ने रवैयाले अभिव्यक्ति स्वतन्त्रता र उचित कानुनी प्रक्रियाप्रति सरकारी प्रतिबद्धताबारे चिन्ता बढ्यो । सुरक्षाफौजले सूचना तथा सञ्चार मन्त्रालयको निर्देशनमा समाचार प्रसारणको आरोप लागेका राजधानीका दुई वटा रेडियो स्टेसन (कान्तिपुर र सगरमाथा सामुदायिक रेडियो)बाट उपकरण कब्जामा लियो । सगरमाथामा छापा मारेको बेला कानुनी आधारविना ५ जनालाई पक्राउ गरियो जसमध्ये ४ जनालाई वकिल र आफ्नो परिवारसँगको पहुँचविना रातभरी थुनियो । काठमाडौं बाहिर जिल्लाका रेडियो स्टेसनहरूले पनि सरकारी अधिकारीहरूबाट हस्तक्षेप भोग्नुपर्‍यो । ओएचसिएचआर-नेपालले गिरफ्तारी र उपकरण कब्जाबारे चासो व्यक्त गर्‍यो । डिसेम्बरको मध्यतिर सगरमाथा र कान्तिपुरबाट लिएका उपकरण फिर्ता गरिए ।

८४. सञ्चार अध्यादेशको संवैधानिकता र जबरजस्ती कार्यान्वयन कारबाहीहरूको वैधानिकतालाई सर्वोच्च अदालतमा चुनौती दिइयो । अदालतले धेरै अन्तरिम आदेश जारी गर्‍यो र यसको संवैधानिकताको निर्णय २००६ जनवरी अन्तसम्म पनि विचाराधीन थियो ।

## ४. सङ्गठन गर्ने स्वतन्त्रता

८५. जुलाईमा जारी भएको एक अध्यादेशले सामाजिक सङ्गठनहरूलाई निर्देशन दिन र तिनका गतिविधि निरीक्षण गर्न एवं आचारसंहिताको पालना नगर्ने सङ्गठनहरूलाई सरकारले निलम्बन वा विघटन गर्न सक्ने आचारसंहिता बनाउन र लागू गर्न समाज कल्याण परिषद्लाई अधिकार दियो । नोभेम्बरमा समाज कल्याण परिषद्ले यिनै अधिकारअन्तर्गत एक आचारसंहिता जारी गऱ्यो । यसले नेपालमा सक्रिय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूको सदस्यता, उद्देश्यहरू, कार्यक्रम, कार्यसञ्चालन, लगानी र सम्बन्धनबारे अवरोधहरू सिर्जना गऱ्यो र तिनीहरूलाई सरकारी नीतिसँग आफूलाई अनुकूल राख्न आवश्यक बनायो ।

८६. मानवअधिकार रक्षकहरूको स्थितिसम्बन्धी महासचिवका विशेष प्रतिनिधि र ओएचसिएचआर-नेपालले प्रस्तावित आचारसंहिताले सङ्गठन गर्ने स्वतन्त्रता तथा "विश्वव्यापी रूपमा मान्यताप्राप्त मानवअधिकार तथा मौलिक अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्न व्यक्ति, समूह र समाजका अङ्गहरूको उत्तरदायित्व र अधिकारसम्बन्धी घोषणापत्र"मा उल्लेखित मानवअधिकार रक्षकहरूको हैसियत र कार्यलाई सुनिश्चित गर्ने अन्य मापदण्डहरूमाथि अनुचित र अनावश्यक प्रतिबन्धहरू लगाउनेछ भनी चिन्ता व्यक्त गरे । संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकले दाताहरू र युएन एजेन्सीहरूको तर्फबाट महिला, बालबालिका तथा समाज कल्याण मन्त्रीलाई आचारसंहिता नेपालका अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूसँग मेल खाँदैन र यसलाई फिर्ता लिइनुपर्छ भनी सिफारिस गर्दै पत्र लेख्नुभयो । यसको वैधानिकता बारेको मुद्दा जनवरीको अन्तसम्म सर्वोच्च अदालतमा विचाराधीन थियो ।

## ग. लामो समयदेखिका मानवअधिकारसम्बन्धी मुद्दाहरू

८७. आर्थिक दरिद्रता, चर्को सामाजिक असमानता र भेदभाव यस्ता मानवअधिकारसम्बन्धी चासोहरू हुन् जो वर्तमान सङ्कट सुरु हुनुभन्दा अगाडिदेखि नै विद्यमान छन् । तर तिनलाई कसैले द्वन्द्वको मूल कारणहरूको रूपमा हेरेको र सशस्त्र द्वन्द्वले भइरहेको गम्भीर अवस्थालाई झनै गम्भीर बनाएको हुनाले तिनीहरू द्वन्द्वसँग सम्बन्धित छन् । स्वास्थ्य, खाना, पर्याप्त आवास तथा अन्य आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू सबै जोखिममा परेका छन् ।

### १. जात र जातीय विभेद

८८. दलित र आदिवासी जनजातिलाई दुःख दिने कार्य र उनीहरूविरुद्धको भेदभाव जारी छ । उदाहरणका लागि, थारू समुदायका सदस्यहरू बँधुवा मजदुरको रूपमा (तथाकथित "कमैया" प्रथाअन्तर्गत) र दलितहरू तथाकथित "हलिया" प्रथाअन्तर्गत रहनु परेको छ । कमैयाहरू सन् २००० मा औपचारिक रूपमा मुक्त गरिए तापनि उनीहरूको आवास, जमिन, शिक्षा र कामप्रतिको पहुँच अझै सीमित छ । दलित समुदायका महिलाहरू विभिन्न किसिमका भेदभावहरूबाट पीडित छन् र केही समूहहरू वेश्यावृत्ति गर्न बाध्य बनाइएका छन् । यी समुदायका महिला तथा बालबालिकाहरू प्रायः कामको खोजीमा सहरतिर लाग्ने गर्छन् जहाँ उनीहरूले यौन शोषण र दुर्व्यवहार भोग्नुपर्छ । सन् २००४ को आफ्नो निष्कर्षमा (See CERD/C/64/CO/5, para.18) जातीय विभेद उन्मूलनसम्बन्धी समितिले कमैयाविरुद्धको भेदभाव र चलनलाई अन्त्य गर्न कानुन तथा कार्यक्रमहरूको कार्यान्वयन गर्न सिफारिस गऱ्यो । तैपनि कमैया प्रथाजस्तै बधुवा मजदुर प्रणाली अझै पनि विद्यमान छ ।

८९. सन् २००६ जनवरी अन्त्यसम्ममा जातिवादका स्वरूपहरू, जातीय भेदभाव, विदेशीप्रतिको घृणा र सम्बन्धित असहिष्णुतासम्बन्धी विशेष समाधीक्षकलाई उहाँले जुन २००४ मा गर्नुभएको अनुरोधपछि कुनै निमन्त्रणा दिइएको छैन् ।

### २. लैङ्गिक भेदभाव

९०. महिलाविरुद्ध सबै किसिमका भेदभावहरूको उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) लगायत अन्तर्राष्ट्रिय लिखतहरूको नेपाल पक्ष भए तापनि घरेलु कानुनमा अझै पनि अनेकौं विभेदकारी प्रावधानहरू विद्यमान छन् । निवेदकहरूले सन् १९९५ को मन्त्रिपरिषद् निर्णयलाई चुनौती दिंदै सर्वोच्च अदालतमा रिट दायर गरेपछि अदालतले आफ्ना अभिभावकहरूको सहमतिविना ३५ वर्ष नपुगेका महिलाहरूलाई पासपोर्ट जारी गर्न २८ नोभेम्बर २००५ मा सरकारलाई निर्देशन दिएपछि केही प्रगति देखिएको थियो । सरकारले अझै पनि कानुनहरूको व्यापक पुनरावलोकन गर्न बाँकी नै छ जसले वंशजको आधारमामात्र नभइ आमाको नामबाट पनि नागरिकता पाउने अधिकार तथा विनाभेदभाव जमिन र अन्य सम्पत्तिमाथिको अधिकार प्राप्त गर्न सक्ने क्षेत्रलाई संवोधन गर्नुपर्छ ।

९१. वेश्यावृत्तिका लागि नेपालबाट महिला तथा बालबालिकाको भारततर्फ बेचबिखनको समस्या बढ्दो जनसङ्ख्या विस्थापनले झन चर्किएको छ । यस्तो व्यापारमा संलग्न हुनेहरूलाई अभियोग नलगाउनु बढ्दो चिन्ताको विषय हो ।

## ३. बालअधिकार

९२. कानुन कार्यान्वयन गर्ने र न्यायिक अधिकारीहरूद्वारा बालबालिकाप्रति गरिने व्यवहार नेपालमा लामो समयदेखिको चिन्ताको विषय हो । १० वर्षभन्दा मुनिका कसैलाई पनि पक्रन नहुने र १० देखि १६ वर्षबीचका बालबालिकालाई पक्डिएमा बाल थुनुवा केन्द्रमा राख्नु पर्ने कानुनी प्रावधानहरू भए पनि सानोतिनो अपराध गरेको आशङ्कामा प्रहरीद्वारा पक्रिने र थुनामा राख्ने काम अझै कायमै छ । कारागार तथा प्रहरी थानाको भ्रमणको क्रममा ओएचसिएचआर-नेपालले नियमित रूपमा बालबालिकाहरूलाई वयस्कहरूसँग र कानुनी प्रतिनिधित्वविना थुनामा राखिएको पायो । यसले एक आठ वर्षीयसहित हिरासतमा राखिएका पाँच बालबालिकाको लागि कानुनी प्रतिनिधित्वको व्यवस्था मिलायो । तिनीहरूलाई डिसेम्बर २००५ मा हनुमानढोका प्रहरी थानामा वयस्कहरूसँग कोचाकोचको अवस्थामा राखिएको थियो । न्यायाधीशको अगाडि प्रस्तुत नगरी न्यायालयले उनीहरूलाई अनुसन्धानका लागि हिरासतमा राख्ने आदेश दिएको थियो र उनीहरूलाई भेटन कोसिस गर्ने वकिलहरूलाई भेटन दिइएको थिएनन् ।

९३. ओएचसिएचआरले युनिसेफ र अन्तर्राष्ट्रिय गैससहरूको सहयोगमा १० जिल्लामा बाल इजलाशहरू राख्ने सरकारी प्रयासहरूको स्वागत गऱ्यो ।

९४. अप्रिल २००५ देखि विद्यालय भर्ना अभियानले गर्दा ठूलो सङ्ख्यामा बालिका तथा सुविधाविहीन समुदायहरूका बालबालिका पहिलो पटक विद्यालय भर्ना भए । द्वन्द्वका बाबजुद यो अभियान देशभर सञ्चालन गर्न सकियो ।

## IV. ओएचसिएचआरका अन्य गतिविधिहरू

९५. जनवरी २००६ को अन्त्यसम्ममा ओएचसिएचआर-नेपाल आफ्ना कर्मचारीहरूको पूर्ण तैनाथीको नजिक पुग्यो र नयाँ सदस्यहरू फेब्रुअरीमा आइपुग्ने आशा गरिएको छ । अगष्ट २००५ मा नेपालगञ्जमा सुरु टोली पठाइयो भने डिसेम्बर २००५ मा विराटनगरमा र जनवरी २००६ मा काठमाडौंमा । मुख्यालयमा वरिष्ठ सैनिक सम्पर्क अधिकृत र कानुन सल्लाहकारसहितको प्रतिनिधिको कार्यालय ; क्षमता निर्माण, तालिम र उत्तम अभ्यास शाखा ; सार्वजनिक सूचना तथा बाह्य सम्पर्क इकाइ ; प्रशासकीय सेवा इकाइ ; र फिल्ड सुरक्षा तथा सम्पर्क इकाइ पर्दछन् । स्टाफमा २२ राष्ट्रिय प्रोफेसनल अधिकृत र ५८ स्थानीय सपोर्ट कर्मचारीसहित ३९ अन्तर्राष्ट्रिय कर्मचारी, २० संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवक र २ जुनियर प्रोफेसनल अधिकृत कर्मचारीहरू छन् ।

९६. सम्झौताअनुसार ओएचसिएचआर-नेपालले विभिन्न किसिमका साझेदारहरूलाई परामर्श सेवा तथा सहयोग उपलब्ध गराउँछ । यो अवधिमा ओएचसिएचआरले सरकारसँग मिलेर गरेका गतिविधिहरू हुन : प्रहरी प्रतिष्ठानमा मानवअधिकारसम्बन्धी प्रस्तुति ; मानवअधिकार सेलका भावी कर्मचारीलाई मानवअधिकार तालिम कार्यशालाको आयोजना गर्ने उद्देश्यले प्रहरीसँग मिलेर योजना तर्जुमा ; सरकारी अधिकारीहरूका लागि क्षेत्रीय मानवअधिकार कार्यशालामा सहभागी हुन सिद्धान्ततः सहमति ; र आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत नेपालको मस्यौदा प्रतिवेदनबारे प्रधानमन्त्रीको कार्यालयलाई उपलब्ध गराएको समीक्षा । गैससर्सँग मिलेर गरेका गतिविधिहरूमा मानवअधिकारसम्बन्धी प्रस्तुतिहरू जुन प्रायः ओएचसिएचआर-नेपालको भूमिका वा मानवअधिकार आयोगका विशेष कार्यविधिअन्तर्गत प्रतिवेदनसम्बन्धी थिए ।

९७. संझौतामा उल्लेख भएअनुसार ओएचसिएचआर-नेपालबाट सल्लाह र सहयोगका लागि नेपाल राष्ट्रिय मानवअधिकार आयोग (नेरामाअआ) प्रमुख साझेदार हो । जुन-जुलाई २००५ मा भएको ओएचसिएचआर मिसनले संसद्को निरन्तर अनुपस्थितिमा आयुक्तहरूको नियुक्ति प्रक्रियाको पद्धतिमाथि पुर्नविचार गर्न र खासगरी पारदर्शिता तथा बृहत् परामर्शसम्बन्धी सुधारका लागि गरिएका कुनै पनि सिफारिसमाथि विचार गर्न सिफारिस गरेको थियो । सो मिसनले दातृ समुदायले नेरामाअआसँग रचनात्मक संवाद कायम राख्न र सहयोगलाई आयोगको प्रदर्शित स्वतन्त्रता र प्रभावकारितासँग जोडेर हेर्न पनि सिफारिस गऱ्यो । यी र अन्य सिफारिसहरूअनुसार नेरामाअआको क्षमता विकासका लागि युएनडिपी आयोजनाको कार्यान्वयन गर्न नेरामाअआ, यसका दाताहरू, युएनडिपी र ओएचसिएचआर व्यापक समीक्षा गर्न सहमत भए । यो कार्य जनवरी-फेब्रुअरी २००६ मा सम्पन्न गरिनेछ । नेरामाअआ र ओएचसिएचआरबीच सहयोग सम्झौता सम्पन्न गर्ने सम्बन्धमा पनि छलफलहरू सुरु भए ।

९८ ओएचसिएचआर-नेपालले संयुक्त राष्ट्रसङ्घीय अन्तरसंस्था मानवअधिकार संरक्षण कार्यकारी समूहको बैठक र अध्यक्षता गऱ्यो । यो कार्यकारी समूहले युनिसेफको अध्यक्षतामा बालसंरक्षण उपसमूहको स्थापना गऱ्यो । युनिसेफ र ओएचसिएचआरले सशस्त्र द्वन्द्व र बालबालिकासम्बन्धी अनुगमन तथा प्रतिवेदन संयन्त्रसम्बन्धी कार्य दलको सहअध्यक्षता गर्न र सुरक्षा परिषद् प्रस्ताव १६१२ अन्तर्गत सुरक्षा परिषद् कार्यकारी समूहमा प्रतिवेदन गर्न सहमत भए । आन्तरिक रूपले विस्थापितहरू (IDPs) को स्थिति र तिनका आवश्यकतासम्बन्धी अन्तरसंस्था परामर्शहरूमार्फत ओचा, ओएचसिएचआर, युएनडिपी, युएनएचसिआर, युनिसेफ र डब्लुएफपीलगायत संयुक्त राष्ट्रसङ्घीय संस्थाहरूले नर्वेली शरणार्थी परिषद्सँग मिलेर द्वन्द्व क्षेत्रहरूमा जबरजस्ती विस्थापनबाट मानिसहरूको संरक्षण गर्नु पर्ने आवश्यकता र आइडिपीलाई संरक्षण र सहयोग गर्न राज्यको क्षमता र उनीहरूको फिर्तीका लागि आवश्यक अवस्थाहरूमाथि केन्द्रित हुँदै दुई चरणमा संयुक्त मूल्याङ्कन सञ्चालन गर्ने सहमति भयो । पहिलो चरण डिसेम्बर २००५ मा तीनवटा जिल्लामा सञ्चालन गरियो भने दोस्रो चरण सन् २००६ को पहिलो त्रैमासिकमा सञ्चालन गरिनेछ ।

## V. निष्कर्ष

९९. सशस्त्र द्वन्द्व चर्केको बेला एवं सरकार र प्रमुख राजनीतिक दलहरूबीच मुठभेड भएको समयमा यो प्रतिवेदन तयार पारिएको छ । राजनीतिक दलहरूसँग भएको समझदारी र ओएचसिएचआर-नेपालसँगको सम्पर्कमा नेकपा (माओवादी)ले अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्ने र मानवअधिकारको सम्मान गर्ने प्रतिबद्धता पुनः व्यक्त गरेको छ । अब माओवादी नेतृत्वले आफ्ना कार्यकर्ताहरूले पनि यी प्रतिवद्धताहरूअनुसार काम गरून् भन्ने कुराको सुनिश्चित गर्नुपर्छ । नेकपा ( माओवादी)ले उल्लङ्घन गरे भनेर राज्यले आफ्ना अन्तर्राष्ट्रिय कानुनी दायित्वहरू मिच्न पाउँदैन् । नेपालको सुरक्षाफौजले उल्लङ्घन गर्ने सैनिकहरूलाई जवाफदेही बनाउनुपर्छ र तिनीहरूलाई संयुक्त राष्ट्रसङ्घीय शान्तिस्थापना कारबाहीमा भाग लिनबाट वञ्चित गर्नुपर्छ । सरकारका सन्धि प्रतिबद्धताहरूमा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता र सङ्गठन गर्ने स्वतन्त्रताको सम्मान पर्दछन् । यसले राजनीतिक र नागरिक समाजका नेताहरूको स्वैच्छाचारी थुनाको अन्त्य

गर्नुपर्छ र यसका कानुन र अभ्यास यी अधिकारहरूमुताबिक हुनुपर्छ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । ओएचसिएचआर-नेपालसँग दुवै पक्षबाट प्राप्त सहयोग यो अप्ठयारो सन्दर्भमा सकारात्मक तत्व हो । तर मानवअधिकारका लागि पूर्ण सम्मान निर्माण गर्ने सबभन्दा राम्रो आधार शान्ति हुने छ जसको चाहना नेपालले निरन्तर गर्दै आएको छ ।